# व्यापार र मानवअधिकार सम्बन्धी
# तालीम निर्देशिका

## (आदिवासी मानवअधिकार प्रतिरक्षकहरूका लागि)

नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह
(लाहुर्निप)

# व्यापार र मानवअधिकार सम्बन्धी

# तालीम निर्देशिका

(आदिवासी मानवअधिकार प्रतिरक्षकहरूका लागि)

**तयारीकर्ता**

डम्मर लोहोरुङ

भिम राई

शंकर लिम्बू

दिनेश घले

टहल थामी

नेपालका आदिवासीहरुको मानवअधिकार सम्बन्धी वकिल समूह

(लाहुर्निप)

# व्यापार र मानवअधिकार सम्बन्धी
# तालीम निर्देशिका
(आदिवासी मानवअधिकार प्रतिरक्षकहरूका लागि)

**प्रकाशक**
नेपालका आदिवासीहरुको मानवअधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)
पो. ब. नं. : ११११७९
सम्पर्क: + ९७७ ०१ ४२६८५१०
इमेल: lahurni.nepal@gmail.com

**प्रकाशन सहयोगी**
International Work Group for Indigenous Affairs (IWGIA)
Classengade 11 E, DK 2100-Copanhangen, Denmark
Tel: (+45) 3527 05 00
Fax: (+45) 35 27 0507
Email: iwgia@iwgia.org
Website: www.iwgia.org

प्रथम प्रकाशन: सन् २०१७

सर्वाधिकार © लाहुर्निप, २०१७

ISBN: 978-9937-9135-4-6

# प्रकाशकीय

व्यापारिक निकायहरूबाट मानवअधिकारमा नकारात्मक असर पर्छ र यस्ता निकायहरूले पनि मानवअधिकारको सम्मान गर्नुपर्छ भन्ने अवधारणा पछिल्लो समय प्रखर बनेको छ। तथापि व्यापारिक निकायहरू अझै पनि उनीहरूले मानवअधिकारमा पार्ने नकारात्मक प्रभावका बारे संवेदनशील बन्न नसकिरहेको प्रष्ट छ। साथै व्यापारिक क्रियाकलापहरूबाट प्रभावित आदिवासी र स्थानीय समुदायहरू पनि उनीहरूको अधिकारका बारे जानकार र सचेत छैनन्। प्रस्तुत व्यापार र मानवअधिकार सम्बन्धी तालीम निर्देशिका आदिवासी मानवअधिकार प्रतिरक्षकहरूका लागि तयार पारिएको हो। यस निर्देशिकाको उद्देश्य व्यापारिक निकायहरू र प्रभावित समुदायहरूलाई तालीमका माध्यमबाट सुसूचित तथा सचेत गराउने रहेको छ।

साथै समुदायहरूसँग प्रत्यक्ष काम गरिरहेका आदिवासी मानवअधिकार प्रतिरक्षकहरूको क्षमता विकास तथा समुदायमा उनीहरूको प्रभावकारी उपस्थितिका लागि पनि यो तालीम निर्देशिका उपयोगी हुने विश्वास नेपालका आदिवासीहरूको मानवअधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)ले लिएको छ।

अन्तमा यस तालीम निर्देशिका तयारीका क्रममा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग गर्ने तथा योगदान गर्ने सबैलाई लाहुर्निप आभार प्रकट गर्दै धन्यवाद ज्ञापन गर्दछ।

शान्ति कुमारी राई
अध्यक्ष

# विषयसूची


| | विषय | पृष्ठ |
|---|---|---|
| | **खण्ड एक** | |
| | तालीम निर्देशिका प्रयोग कसरी गर्ने | १ |
| | **खण्ड दुई** | |
| | कार्यक्रम तालीका | ७ |
| | तालीमको लघुशिक्षण योजना | ९ |
| | **खण्ड तीन** | |
| | तालीमका सत्र एवं संचालनका विस्तृत तौरतालिकाहरू र पाठ्य सामग्रीहरू- | |
| **पहिलो दिन** | तालीम सामग्रीहरू | १९ |
| पहिलो सत्र | आदिवासी अधिकारको अवधारणा | २७ |
| दोस्रो सत्र | व्यापार र आदिवासी अधिकार | ३४ |
| तेस्रो सत्र | व्यापार र मानवअधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्तहरू | ३६ |
| चौथो सत्र | खम्बा-१ | ३८ |
| **दोस्रो दिन** | तालीम सामग्रीहरू | ४३ |
| पहिलो सत्र | व्यापार र मानवअधिकारको सम्बन्धमा संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्तहरू (खम्बा-२) | ५१ |
| दोस्रो सत्र | व्यापार र मानवअधिकारको सम्बन्धमा संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्तहरू (खम्बा-३) | ५५ |
| तेस्रो सत्र | उपचारका बाटाहरू | ५८ |
| चौथो सत्र | घटना विवरण तयारी घटना विवरण संकलन फाराम (नमूना) | ६४ |
| **तेस्रो दिन** | तालीम सामग्रीहरू | ६९ |
| पहिलो सत्र | मिडीयाको भूमिका र मिडीयामैत्री सामग्री लेखन | ७७ |
| दोस्रो सत्र | उपचारका लागि मस्यौदा लेखन अभ्यास | ८० |
| तेस्रो सत्र | रणनीति र कार्ययोजना | ८१ |
| चौथो सत्र | तालीम मूल्यांकन प्रश्नावली | ८२ |
| | **खण्ड चार** | |
| | सन्दर्भ सामग्रीहरू | ८६ |
| | लाहुर्निपको परिचय | ८८ |

# तालीम निर्देशिकाको ढाँचा

# खण्ड एक

# यो तालीम निर्देशिका प्रयोग कसरी गर्ने ?

**परिचय**

यो निर्देशिका व्यापार र मानवअधिकार सम्बन्धी तालीम निर्देशिका हो । यो तालीम निर्देशिका प्रशिक्षकको भूमिका निर्वाह गर्नसक्ने व्यक्तिहरूका लागि तयार गरिएको हो । यद्यपि, यसबाट व्यापार र मानवअधिकार सम्बन्धी जानकारी लिन चाहने वा व्यापारिक गतिविधि, हस्तक्षेपकारी विकास (Development Aggression) बाट प्रभावित वा पीडितहरूले आफ्ना अधिकार वा अधिकार सम्मान गराउने सामान्य जानकारी हासिल गर्नसक्नेछन् । यस पुस्तिकालाई चार खण्डमा विभाजन गरिएको छ । खण्ड एक- प्रशिक्षकले ध्यान दिनुपर्ने कुराहरू, खण्ड दुई-तालीमका विषयवस्तु, खण्ड तीन-तालीम संचालन प्रक्रिया र खण्ड चार- पाठ्य तथा सन्दर्भ सामग्रीहरू ।

सबै राष्ट्रहरूले विकासलाई प्राथमिकताकासाथ अगाडि बढाउने क्रममा भूमि, साधन स्रोतको अत्यधिक दोहन गर्ने क्रम बढेको छ । विकासका नाममा गरिने ती क्रियाकलाप अत्यधिक रुपमा आदिवासी जनजातिको परम्परागत थातथलोमा केन्द्रीत छन् । त्यस्ता क्रियाकलापहरूमा विभिन्न व्यापारिक कम्पनीहरू र निजी प्रतिष्ठानको अत्यधिक संलग्नता छ । भूमण्डलीकरण र उदारीकरणका कारण अन्तर्राष्ट्रिय कम्पनीहरू विश्वका हरेक क्षेत्रमा व्यापार गर्न पुगेका छन् ।

व्यापार मुलुकको अर्थतन्त्रको मेरुदण्डको रुपमा लिने गरिन्छ । विशेषगरी विकासका नाममा नाफा कमाउने उद्देश्यले विभिन्न ठूला-ठूला निर्माण परियोजनाहरू निर्माण हुने क्रम विश्वभरी नै जारी छ । विकासोन्मुख हाम्रो जस्तो देशमा त झन त्यसको अपरिहार्यता नै छ । तर भुल्न नहुने कुरा के हो भने विश्वमा जति पनि विकासका क्रियाकलापहरू भएका छन्, त्यसको प्राथमिक लक्ष्य मानव समुदाय नै हो । तर त्यस्ता व्यापारिक क्रियाकलापहरू पनि देखिएका छन्, जसले नाफामा मात्र ध्यान केन्द्रीत गर्ने गरेका छन् । अर्थात् मानवअधिकारलाई नजरअन्दाज गर्ने गरेका छन् । चाहे ती बहुराष्ट्रिय कम्पनी हुन् वा स्वदेशी । सबै प्रकारका व्यापारिक क्रियाकलापमा लागेका प्रतिष्ठान तथा क्षेत्रहरूले मानवअधिकारमा ध्यान दिनुपर्छ भन्ने अवधारणा पछिल्लो समय विकास भएको छ ।

विशेषगरी संयुक्त राष्ट्रसंघले व्यापार र मानवअधिकार सम्बन्धी निर्देशक सिद्धान्तहरू पारित गरेपछि सदस्य राष्ट्र, व्यापारिक प्रतिष्ठान तथा पीडितहरूको आवाज मुखरित हुन थालेका छन् । व्यापारिक क्रियाकलापहरूबाट सबैभन्दा बढी पीडित आदिवासी समुदायहरू हुने गरेका छन् । विकासका नाममा निर्माण हुने विभिन्न प्रकारका संरचनाहरूबाट उनीहरू प्रताडित हुने गरेका छन् । त्यस प्रकारको निर्माणबाट उनीहरू आफ्नो परम्परागत थातथलोबाट विस्थापित हुनुका साथै उनीहरूको पहिचान, जीवनपद्धति र जीविकोपार्जनमा समेत नकारात्मक असर पर्ने गरेको पाइन्छ ।

यस प्रकारका विनाशकारी विकासलाई कसरी आदिवासीमैत्री तथा वातावरणमैत्री बनाउने ? सबैको चासोको विषय बन्न आवश्यक छ। तसर्थ, त्यस प्रकारको विकास तथा व्यापारिक क्रियाकलापहरूलाई बढावा दिन समुदाय तथा व्यापारिक कम्पनी, प्रतिष्ठानहरूको बानी व्यहोरा सुधार (Behavioural change) गरी मानवअधिकारप्रति सचेत र संवेदनशील बनाउन आवश्यक छ। सोही कुरालाई ध्यानमा राखी यो निर्देशिका तयार गरिएको छ।

**तालीम निर्देशिकाको उद्देश्यहरू**

यो तालीम निर्देशिका आदिवासी मानवअधिकार प्रतिरक्षकहरू (Indigenous Peoples Human Rights Defenders-IPHRDs), CSR monitors र आदिवासीहरूको क्षेत्रमा कार्यरत सम्भावित तालीमकर्ताहरूलाई ध्यानमा राखी तयार पारिएको छ।

**यो तालीम निर्देशिकाको उद्देश्यहरू निम्नानुसार रहेका छन्:**

- स्थानीय स्तरमा व्यापार र मानवअधिकार सम्बन्धी तालीमकर्ताहरू तयार गरी आदिवासी र स्थानीय समुदायहरूको अधिकारको विषयमा जनवकालतका विभिन्न सिलसिलेवार चरणहरूबारे निर्देशन गर्ने।
- विकास परियोजना तथा व्यापारिक प्रतिष्ठानहरू (Corporate Sector) बाट भए/गरेका प्रभावहरूको अनुगमनका लागि औजार तयार गरी अनुगमन गर्ने/गराउने।
- विकास परियोजना तथा व्यापारिक प्रतिष्ठानहरू (Corporate Sector)का क्रियाकलापबाट हुनसक्ने नकारात्मक प्रभावहरूको सवाल, पहिचान र दस्तावेजीकरण गर्न प्रशिक्षार्थीहरूको क्षमता अभिवृद्धि गर्ने।
- विकास परियोजना तथा व्यापारिक प्रतिष्ठानहरू (Corporate Sector)बाट प्रभावित आदिवासी र स्थानीय समुदायहरूलाई मानवअधिकारका सम्बन्धमा जनचेतना जगाउने।

**आवासीय तालीम संचालन गर्दा प्रशिक्षकले ध्यान दिनुपर्ने कुराहरू**

- तालीम शुरु हुनुपूर्व आवश्यकीय (वार्मअप, ध्यानाकर्षण, पृष्ठभूमि बुझाउने) क्रियाकलापहरू गर्न सकिने छ।
- तालीम संचालन गर्दा बिहानको सत्रमा मन, मस्तिष्क र शरीर सम्बन्धी क्रियाकलापहरू गराउनु उपयुक्त हुनेछ। यस्ता क्रियाकलापहरू गराउनुभन्दा अगाडि आफू राम्ररी तयार हुनुपर्दछ। शारीरिक व्यायामपछि के-कस्तो खालको अनुभव भइरहेको छ भन्नेबारे सहभागीहरूलाई आफ्नो अनुभव पनि भन्न लगाउनुपर्छ।
- निर्देशिका अनुसार तालीम संचालन हुने छ।
- यस निर्देशिकामा दिइएका पाठ्यसामग्रीसँग सम्बन्धित थप सामग्रीहरू विषयवस्तुसँग सम्बन्धित भए तालीममा प्रयोग गर्न पनि सकिने छ।

- यस निर्देशिकामा एक दिनमा चारवटा सत्रहरू राखिएका छन् । तर सहभागीहरूको रुची र आवश्यकता अनुसार तालीम तोकिएको समयभन्दा बढी वा घटी पनि हुनसक्ने छ ।
- प्रशिक्षकले निर्देशिकाको दायराभित्र रही तालीममा आफ्नो शीप तथा दक्षता प्रयोग गर्नसक्ने छ ।
- प्रशिक्षार्थीहरूलाई आ-आफ्नो कार्य क्षेत्रमा लागू गरिने कार्ययोजना तयार गर्न लगाउने । कार्ययोजना कार्यान्वयनको अवस्था बारे सम्बन्धित निकाय/संस्थामा प्रतिवेदन पठाउनका लागि बताउने ।
- अन्त्यमा तालीमको मूल्यांकनका साथै समापन गर्ने ।

**लचिलोपन**

यो निर्देशिकामा प्रशिक्षकहरूको सहयोगका लागि आवश्यक तालीम सामग्रीहरू तयार गरी समावेश गरिएका छन् । तर यति मात्रै सामग्री र विधि पर्याप्त र पूर्ण छन् भन्ने होइन । आवश्यकता अनुसार विधि र सामग्रीहरू थप्न, समायोजन गर्न सकिनेछ । प्रशिक्षार्थीहरूको स्तर, तह, भाषिक, साँस्कृतिक, ऐतिहासिक विविधता, पहिचानको अवस्था र आवश्यकता अनुसार तालीम संचालन गर्न सकिने छ ।

# खण्ड दुई

# कार्यक्रम तालीका

## पहिलो दिन

| | |
|---|---|
| ०९:००–११:०० | शुभारम्भ, स्वागत तथा परिचय, तालीमको नीतिनियम तर्जूमा, अपेक्षा संकलन र तालीमको उद्देश्य र विषयवस्तु प्रस्तुति |
| ११:००–१२:३० | आदिवासी अधिकारको अवधारणा |
| **१२:३०–०१:३०** | **खाना समय** |
| ०१:३०–०३:०० | व्यापार र मानवअधिकार |
| **०३:००–०३:१५** | **चिया समय** |
| ०३:१५–०३:४५ | व्यापार र मानवअधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्तहरू |
| ०३:४५–०४:४५ | व्यापार र मानवअधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्तहरू (खम्बा १) |
| ०४:४५–०५:०० | दिनभर भएका क्रियाकलापहरूको छोट्करीमा प्रस्तुति |

## दोस्रो दिन

| | |
|---|---|
| ०९:००–०९:१५ | अघिल्लो दिन भएका क्रियाकलापहरूको छोट्करीमा प्रस्तुति |
| ०९:१५–१०:४५ | व्यापार र मानवअधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्तहरू (खम्बा २) |
| **१०:४५– ११:००** | **चिया समय** |
| ११:००– १२:०० | व्यापार र मानवअधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्तहरू (खम्बा ३) |
| १२:०० –१२:३० | व्यापारिक सामाजिक उत्तरदायित्व |
| **१२:३०– ०१:३०** | **खाना समय** |
| ०१:३० – ०३:०० | उपचारका बाटाहरू |
| **०३:०० – ०३:१५** | **चिया समय** |
| ०३:१५ – ०४:४५ | घटना विवरण तयारी |
| ०४:४५–०५:०० | दिनभर भएका क्रियाकलापहरूको छोट्करीमा प्रस्तुति |

## तेस्रो दिन

| | |
|---|---|
| ०९:००–०९:१५ | अघिल्लो दिन भएका क्रियाकलापहरूको छोट्करीमा प्रस्तुति |
| ०९:१५–१०:४५ | मिडीयाको भूमिका र मिडीयामैत्री सामग्री लेखन |
| **१०:४५– ११:००** | **चिया समय** |
| ११:००– १२:३० | उपचारका लागि मस्यौदा लेखन अभ्यास |
| **१२:३०– ०१:३०** | **खाना समय** |
| ०१:३० – ०३:०० | रणनीति र कार्ययोजना |
| **०३:०० – ०३:१५** | **चिया समय** |
| ०३:१५ – ०५:०० | तालीम मूल्यांकन र पृष्ठपोषण तथा समापन |

# तालीमको लघुशिक्षण योजना

| समय | विषय | सत्रको उद्देश्यहरू | सत्र संचालन विधि | सामग्रीहरू |
|---|---|---|---|---|
| | | पहिलो दिन | | |
| ०९:००–११:०० | **शुभारम्भ, स्वागत तथा परिचय, तालीमको नीतिनियम तर्जूमा, अपेक्षा संकलन र तालीमको उद्देश्य र विषयवस्तु प्रस्तुति** | • तालीमको उद्देश्य बारे बताउन सक्ने छन् ।<br>• तालीमबाट गरिएको अपेक्षा आदनप्रदान गर्नेछन् ।<br>• प्रशिक्षकले तालीमले समेट्ने विषयवस्तु तथा सहभागीहरूको अपेक्षा कुन हदसम्म सम्बोधन गर्न सकिन्छ भन्ने बारे बताउने छन् ।<br>• तालीम संचालनका लागि सहभागीहरूको समितिहरू गठन भई तालीम संचालनका नीतिनियमहरू बनेका हुनेछन् । | • प्रस्तुति<br>• माथापच्चीसी<br>• प्रश्नोत्तर<br>• समूह कार्य | • स्लाइड (ह्याण्ड आउटस्)<br>• डकुमेन्ट्री<br>• न्यूजप्रिन्ट<br>• मार्कर<br>• पेन<br>परिचयका लागि निम्न बमोजिम लेखिएको मेटाकार्ड वा चार्ट पेपर प्रयोग गर्ने<br>**नाम**:<br>**आवद्ध संस्था र जातीय समूह**:<br>**अनुभव**:<br>तालीममा सहभागी हुनका लागि के कुराले उत्प्रेरणा गर्‍यो ? |
| ११:००-१२:३० | **आदिवासी अधिकारको अवधारणा** | • सहभागीहरूले आदिवासी अधिकारको अवधारणाको बारेमा जानकारी प्राप्त गर्न र बताउन सक्नेछन् ।<br>• आई.एल.ओ.महासन्धि नं.१६९ र यूएनड्रिपका बारेमा बताउन सक्नेछन् ।<br>• घटनामा आधारित अधिकार हनन कुन अवधारणा अन्तर्गत पर्दछ भन्नेबारे सहभागीहरूले वर्गीकरण गर्नेछन् । | • घटना अध्ययन<br>• प्रस्तुति<br>• प्रश्नोत्तर<br>• डकुमेन्ट्री<br>• लेक्चरेट<br>• माथापच्चीसी | • अधिकारको अवधारणा सम्बन्धी लिखित सामग्रीहरू<br>• घटना अध्ययन<br>• स्लाइड (ह्याण्ड आउटस्)<br>• डकुमेन्ट्री<br>• न्यूजप्रिन्ट<br>• मार्कर पेन आदि ।<br>• ल्यापटप<br>• स्लाइड (ह्याण्ड आउटस्) |

| | | | | |
|---|---|---|---|---|
| खाना समय | | | | |
| १:३०-३:०० | **व्यापार र मानवअधिकार** | • व्यापार र मानवअधिकार विषयमा सहभागीहरूले बताउन सक्नेछन् ।<br>• सहभागीहरूले व्यापार र मानवअधिकार बीचको अन्तरसम्बन्धको विषयमा अरुलाई बुझाउन सक्नेछन् ।<br>• व्यापार र आदिवासी अधिकारका सम्बन्धमा सहभागीहरूले बताउन सक्नेछन् । | • प्रश्नोत्तर<br>• उदाहरणहरू<br>• समूह कार्य<br>• प्रस्तुतीकरण | • मेटाकार्ड<br>• चार्टपेपर<br>• मार्कर<br>• व्यापार र मानवअधिकारसँग सम्बन्धित सामग्रीहरू । |
| चिया समय | | | | |
| ३:१५-३:४५ | **व्यापार र मानवअधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्तहरू (खम्बा १)** | • व्यापार र मानवअधिकारको सम्बन्धमा संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्तहरूको अवधारणा र सैद्धान्तिक पक्षको विषयमा सहभागीहरूले बताउन सक्नेछन् ।<br>• व्यापार र मानवअधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्तहरूको खम्बा १ को सिद्धान्तहरूको बारेमा जानकारी राख्नेछन् र अरुलाई बुझाउन सक्षम हुनेछन् । | • लेक्चरेट<br>• लेक्चरेट<br>• माथापच्चीसी<br>• प्रश्नोत्तर<br>• उदाहरणहरू<br>• अनुभव आदनप्रदान<br>• प्रस्तुती | • ल्यापटप<br>• स्लाइड (ह्याण्ड आउटस्) ।<br>• मेटाकार्ड<br>• चार्टपेपर<br>• मार्कर<br>• व्यापार र मानवअधिकारसँग सम्बन्धित सामग्रीहरू ।<br>• ल्यापटप<br>• स्लाइड (ह्याण्ड आउटस्)<br>• मेटाकार्ड<br>• चार्टपेपर<br>• मार्कर<br>• व्यापार र मानवअधिकार सँग सम्बन्धित सामग्रीहरू । |
| ४:४५-५:०० | **दिन भरीमा भएका क्रियाकलापहरूको छोट्करीमा प्रस्तुति** | | | |

| | | दोस्रो दिन | | |
|---|---|---|---|---|
| ०९:००-०९:१५ | **अघिल्लो दिन भएका क्रियाकलापहरूको छोट्करीमा प्रस्तुति** | • अघिल्लो दिनको विषयवस्तु अर्थात् शीर्षकहरूमा पुनः स्मरण हुनेछ ।<br>• अघिल्लो दिनको शीर्षकहरूमा भएका कमीकमजोरीहरूमा सुझाव आउनेछ ।<br>• अघिल्लो दिनको शीर्षकहरूमा विश्लेषण गर्ने क्षमता विकास हुनेछ । | • लेक्चरेट<br>• प्रश्नोत्तर<br>• समूह कार्य<br>• प्रस्तुतीकरण | • ल्यापटप<br>• स्लाइड (ह्याण्ड आउटस्) । |
| ०९:१५-१०:४५ | **व्यापार र मानवअधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्तहरू (खम्बा २)** | • व्यापार र मानवअधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्तहरूको खम्बा २ को सिद्धान्तहरूको बारेमा जानकारी राख्नेछन् र अरुलाई बुझाउन सक्षम हुनेछन् । | • लेक्चरेट<br>• माथापच्चीसी<br>• प्रश्नोत्तर<br>• उदाहरणहरू<br>• अनुभव आदनप्रदान | • ल्यापटप<br>• स्लाइड (ह्याण्ड आउटस्)<br>• मेटाकाड<br>• चार्टपेपर<br>• मार्कर |
| १०:४५-११:०० | | चिया समय | | |
| | **व्यापार र मानवअधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्तहरू (खम्बा ३)** | • व्यापार र मानवअधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्तहरूको खम्बा ३ को सिद्धान्तहरूको बारेमा जानकारी राख्ने छन् र अरुलाई बुझाउन सक्षम हुनेछन् । | • लेक्चरेट<br>• माथापच्चीसी<br>• प्रश्नोत्तर<br>• उदाहरणहरू<br>• अनुभव आदनप्रदान । | • ल्यापटप<br>• स्लाइड (ह्याण्ड आउटस्) |

| | | | | |
|---|---|---|---|---|
| १२:००-१२:३० | **व्यापारिक सामाजिक उत्तरदायित्व** | • सहभागीहरूले व्यापारिक संस्थाहरूको सामाजिक दायित्व (CSR) का सम्बन्धमा जानकारी राख्ने छन् र अरुलाई बताउन सक्नेछन् । | • लेक्चरेट<br>• प्रश्नोत्तर<br>• अनुभव आदनप्रदान । | • ल्यापटप<br>• स्लाइड (ह्याण्ड आउटस्) |
| | | खाना समय | | |
| ०१:३०-०३:०० | **उपचारका बाटाहरू** | • अधिकार उल्लंघन भएको खण्डमा के कसरी उपचार प्राप्त गर्न सकिन्छ भन्ने अरुलाई बुझाउन सक्नेछन् ।<br>• अधिकार उल्लंघन भएको खण्डमा उपचारका लागि आवश्यक उपचारको निकाय तथा प्रक्रियाहरूको बारेमा बताउन सक्नेछन् । | • लेक्चरेट<br>• माथापच्चीसी<br>• प्रश्नोत्तर<br>• डकुमेंट्री<br>• उदाहरणहरू<br>• अनुभव आदन प्रदान । | • ल्यापटप<br>• स्लाइड (ह्याण्ड आउटस्)<br>• मेटाकार्ड<br>• चार्टपेपर<br>• मार्कर |
| ०३:००-०३:१५ | | चिया समय | | |
| ०३:१५-०४:४५ | **घटना विवरण तयारी** | • मानवअधिकार हनन बारे बुझ्न सक्नेछन् ।<br>• मानवअधिकार हननका घटनाहरू दस्तावेजीकरण गर्न सक्नेछन् । | • लेक्चरेट<br>• माथापच्चीसी<br>• प्रश्नोत्तर<br>• उदाहरणहरू<br>• अनुभव आदन प्रदान । | • ल्यापटप<br>• स्लाइड (ह्याण्ड आउटस्) ।<br>• मेटाकार्ड<br>• चार्टपेपर, मार्कर |
| ४:४५-५:०० | **दिनभरीमा भएका क्रियाकलापहरूको छोट्करीमा प्रस्तुति** | | | |

| | | तेस्रो दिन | | |
|---|---|---|---|---|
| ०९:००–९:१५ | **अघिल्लो दिन भएका क्रियाकलापहरूको छोट्करीमा प्रस्तुति** | • अघिल्लो दिनको विषयवस्तु अर्थात् शीर्षकहरूमा पुनः स्मरण हुनेछ ।<br>• कमीकमजोरीहरूमा सुझाव आउने/लिने ।<br>• शीर्षकहरूमा विश्लेषण गर्ने क्षमता विकास हुनेछ । | • लेक्चरेट<br>• प्रश्नोत्तर<br>• समूह कार्य<br>• प्रस्तुतीकरण । | • ल्यापटप<br>• स्लाइड(ह्याण्ड आउटस्) |
| ०९:१५–१०:४५ | **मिडीयाको भूमिका र मिडीयामैत्री सामग्री लेखन** | • सहभागीहरूले मिडीयाको महत्व बारे बुझ्नेछन् ।<br>• मिडीयामैत्री संचार सामग्री तयार गर्न सक्षम हुनेछन् । | • लेक्चरेट<br>• माथापच्चीसी<br>• प्रश्नोत्तर<br>• उदाहरणहरू<br>• समूह कार्य<br>• अनुभव आदनप्रदान । | • ल्यापटप<br>• स्लाइड (ह्याण्ड आउटस्)<br>• मेटाकार्ड<br>• चार्ट पेपर<br>• मार्कर |
| १०:४५–११:०० | | चिया समय | | |
| ११:००–१२:३० | **उपचारका लागि मस्यौदा लेखन अभ्यास** | • सहभागीहरूले मानवअधिकार उल्लंघनको उपचारका लागि सम्बन्धित निकायहरूमा बुझाउने निवेदन तथा गुनासा पत्रहरू लेख्न सक्नेछन् । | • लेक्चरेट<br>• माथापच्चीसी<br>• प्रश्नोत्तर<br>• उदाहरणहरू<br>• अनुभव आदनप्रदान । | • ल्यापटप<br>• स्लाइड (ह्याण्ड आउटस्)<br>• मेटाकार्ड<br>• चार्ट पेपर<br>• मार्कर |

| | | | | |
|---|---|---|---|---|
| खाना समय | | | | |
| ०१:३०–०३:०० | **कार्ययोजना र रणनीति** | • सहभागीहरूले कार्ययोजना र रणनीति बारे जानकारी लिनेछन् ।<br>• सहभागीहरूले आ-आफ्नो कार्ययोजना तयार गर्नेछन् । | • लेक्चरेट<br>• माथापच्चीसी<br>• प्रश्नोत्तर<br>• उदाहरणहरू<br>• अनुभव आदनप्रदान । | • ल्यापटप<br>• स्लाइड (ह्याण्ड आउटस्)<br>• मेटाकार्ड<br>• चार्ट पेपर<br>• मार्कर । |
| चिया समय | | | | |
| ०३:१५–०५:०० | **तालीम मूल्यांकन र पृष्ठपोषण तथा समापन** | • तीन दिने कार्यक्रमको बारेमा आ-आफ्नो दृष्टिकोणबाट मूल्यांकन गर्नेछन् ।<br>• तीन दिने कार्यक्रमको समापन गरिनेछ । | • मन्तव्य<br>• प्रश्नोत्तर । | • मूल्यांकनका लागि तयारी प्रश्नपत्र, ल्यापटप<br>• मेटाकार्ड<br>• चार्टपेपर<br>• मार्कर आदि सामग्रीहरू । |

# खण्ड तीन

# तालीमका सत्र एवं संचालनका विस्तृत तौरतरिकाहरू र पाठ्यसामग्रीहरू

# पहिलो दिन

| सत्रको शीर्षक | सत्रः |
|---|---|

उद्घाटन — समयः २ घण्टा

यस सत्रको उद्देश्यहरूः यो सत्रको अन्तमा सहभागीहरूले निम्न बमोजिमका कुराहरू गर्न तथा भन्न सक्नेछन्ः

- तालीमको उद्देश्यबारे बताउन सक्नेछन् ।
- तालीमबाट गरिएको अपेक्षा आदनप्रदान गर्नेछन् ।
- प्रशिक्षकले तालीमले समेट्ने विषयवस्तु तथा सहभागीहरूको अपेक्षा कुन हदसम्म सम्बोधन गर्न सकिन्छ भन्ने बारे बताउनेछन् ।
- तालीम संचालनका लागि सहभागीहरूको समितिहरू गठन भई तालीम संचालनका नीति नियमहरू बनेका हुनेछन् ।

विधिः प्रस्तुति, माथापच्चीसी, प्रश्नोत्तर र समूह कार्य

सामग्रीः स्लाईड, डकुमेन्ट्री, न्यूजप्रिन्ट, मार्कर, आदि ।

सिक्ने सिकाउने प्रक्रिया :

क्रियाकलाप १ः उद्घाटन — १५ मिनेट

- शुरु हुनुभन्दा अगाडि सबै सहभागीहरू हलभित्र भएको सुनिश्चित गर्ने । सहभागीहरूलाई स्वागत गर्ने र तालीम कसरी संचालन भएको हो सोको पृष्ठभूमि प्रष्ट्याउने ।
- स्थानीय आदिवासीय संस्कार, संस्कृति, परम्परा अनुसार (शुभ कार्यमा गरिने परम्परा अनुसार) गर्ने ।

क्रियाकलाप २ः परिचय — १५ मिनेट

सहजकर्ताले पहिला आफ्नो परिचय दिने र सहभागीहरूको परिचयका लागि आग्रह गर्ने । परिचय संक्षिप्त पार्न आग्रह गर्ने र विस्तृत परिचयका लागि बाँकी पाँच दिन बाँकी रहेको सहभागीहरूलाई जानकारी गराउने । परिचयमा निम्न कुरा समेट्ने(क) नामः(ख) आवद्ध संस्था र जातीय समूह (ग) अनुभवः(घ) तालीममा सहभागी हुनका लागि के कुराले उत्प्रेरणा प्रदान गऱ्यो ? क्रियाकलाप

क्रियाकलाप ३ः अपेक्षा संकलन तथा उद्देश्य — १५ मिनेट

सहभागीहरूलाई निम्न बमोजिमका चार सरोकार निकायहरूका बारे सोंच्न र लेख्न लगाउने (त्यसका लागि साना समूह कार्यमा काम गर्न लगाउने र समूहको एकजनालाई लेख्न लगाई ठूलो समूहमा प्रस्तुत गर्न लगाउने)

- प्रक्रिया (पाँच दिनसम्म कसरी सिक्न चाहन्छन् ?)
- ज्ञान (के र कुन विषयमा जान्न चाहन्छन् ?)
- शीप (तालीम अवधि भरमा के शीप सिक्न चाहन्छन् ?)
- परिवर्तन (तालीम सकिएपछि उनीहरूको व्यक्तिगत, परिवार र संस्थाको जीवनमा के परिवर्तन चाहन्छन् ?)

- पाँच मिनेटको छलफलपछि प्रत्येक समूहलाई आफ्नो अपेक्षाहरू ठूलो समूहमा प्रस्तुत गर्नका लागि आग्रह गर्ने । सबै समूहलाई बुँदागत रुपमा प्रस्तु गर्न लगाउने । उदाहरणका लागि सबैभन्दा पहिला प्रक्रियाका बारे सबै समूहलाई प्रस्तुत गर्न लगाउने र प्रस्तुत भएका बुँदाहरूलाई चार्ट पेपरमा लेख्न लगाउने । त्यस्तै गरी अन्य बुँदाहरू बारे पनि क्रमैसँग प्रस्तुत गर्न लगाउने र चार्ट पेपरमा लेख्ने ।
- सबैको अपेक्षा ठूलो स्वरमा पढेर सुनाउने र समूहहरूबीच भएका समानताहरू पत्ता लगाउने ।
- तालीमको उद्देश्य र तालीका प्रस्तुत गर्ने । तालीका र सहभागीहरूको अपेक्षाबीच तालमेल मिलाउने र तालीम अवधिमा कसरी सहभागीहरूको अपेक्षा सम्बोधन गरिन्छ ? सो बताउने ।

क्रियाकलाप ४: तालीम संचालनका लागि नियम बनाउने १५ मिनेट

पाँच दिने तालीम मर्यादित र व्यवस्थित बनाउन सहभागीहरूलाई निम्न बुँदामा प्रश्न गरी नियम बनाउने

(क) समय

(ख) व्यवस्थापन

(ग) प्रतिवेदन तयार

(घ) सचेतक

(ङ) अन्य

**सत्रको शीर्षक** **सत्र: पहिलो**

आदिवासी अधिकारको अवधारणा समय: १ घण्टा ३० मिनेट

यस सत्रको उद्देश्यहरू यो सत्रको अन्तमा सहभागीहरूले निम्न बमोजिमका कुराहरू गर्न तथा भन्न सक्षम हुनेछन्:

- सहभागीहरूले आदिवासी अधिकारको अवधारणाको बारेमा जानकारी प्राप्त गर्न र बताउन सक्नेछन् ।
- घटनामा आधारित अधिकार हनन कुन अवधारणा अन्तर्गत पर्दछ भन्ने बारे सहभागीहरूले वर्गीकरण गर्नेछन् ।

विधि: समूह कार्य, घटना अध्ययन, प्रस्तुति, प्रश्नोत्तर र डकुमेन्ट्री

सामग्री: अधिकारको अवधारणा सम्बन्धी लिखित सामग्रीहरू, घटना अध्ययन, स्लाइड, डकुमेन्ट्री, न्यूजप्रिन्ट, मार्कर आदि ।

सिक्ने सिकाउने प्रक्रिया :

क्रियाकलाप १: आदिवासी अधिकारको अवधारणा बुझाउने ३५ मिनेट

- सहभागीहरूलाई आदिवासी अधिकार भन्नाले के बुझ्नु हुन्छ भनी प्रश्न गर्ने र आएका उत्तरहरूलाई टिपोट गरी पढेर सुनाउने ।
- आएका उत्तरहरूसँग सम्बन्धित रही छलफल चलाउने र आदिवासी अधिकारको अवधारण बारे तयारी सामग्री प्रस्तुत गर्ने ।
- अन्तमा केही जिज्ञासा भए प्रश्न गर्न लगाई स्पष्ट पारिदिने ।

क्रियाकलाप २: युएनड्रीप र आईएलओ महासन्धि नं.१६९ का प्रावधानहरू बारे सहभागीहरूलाई बुझाउने ४५ मिनेट

- सहभागीहरूलाई युएनड्रीप र आईएलओ महासन्धि नं.१६९ मा भएका अधिकार बारे प्रश्न गर्ने ।
- सहभागीहरूको जवाफहरूलाई टिपोट गर्ने र पढेर सुनाउने ।
- आएका जवाफहरू माथि छलफल चलाउन र तयारी सामग्री प्रस्तुत गर्ने ।
- अन्तमा सहभागीहरूको केही जिज्ञासा भए स्पष्ट पारिदिने ।

क्रियाकलाप ३ : संक्षेपीकरण १० मिनेट

- सहभागीहरूबाट आएको जवाफ आधार मान्दै सही र संक्षिप्त रुपमा अधिकारका स्रोतहरू र यसको बारे सहजकर्ताले संक्षेपीकरण गर्ने ।
- अन्तमा सहभागीहरूका केही प्रश्न भए स्पष्ट पार्ने ।

**सत्रको शीर्षक** **सत्र : दोस्रो**

व्यापार र मानवअधिकार समय : १ घण्टा ३० मिनेट

यस सत्रको उद्देश्यहरू :यो सत्रको अन्तमा सहभागीहरूले निम्न बमोजिमका कुराहरू गर्न तथा भन्न सक्षम हुनेछन् :

- व्यापार र मानवअधिकार विषयमा सहभागीहरूले बताउन सक्नेछन् ।
- सहभागीहरूले व्यापार र मानवअधिकार बीचको अन्तरसम्बन्धको विषयमा अरुलाई बुझाउन सक्नेछन् ।

विधि : लेक्चरेट, माथापच्चीसी, प्रश्नोत्तर, डकुमेण्ट्री, उदाहरणहरू, अनुभव आदनप्रदान ।

सामग्री : ल्यापटप, स्लाईड, मेटाकार्ड, चार्टपेपर, मार्कर, व्यापार र मानवअधिकारसँग सम्बन्धित सामग्रीहरू ।

सिक्ने सिकाउने प्रक्रिया

क्रियाकलाप १: व्यापार र मानवअधिकार बारे बुझाउने ४५ मिनेट

- सर्वप्रथम सहभागीहरूलाई व्यापार र मानवअधिकारबीच के सम्बन्ध छ ? भनी प्रश्न गर्ने र आएका उत्तरहरूलाई बोर्ड/ठूलो कागजमा सबैले देख्ने गरी टिप्ने ।
- सहभागीहरूबाट उत्तर आउन छाडेपछि उनीहरूले दिएका उत्तरहरूलाई पुन: एक पटक दोहोर्‍याएर पढ्ने । पढिसकेपछि सहभागीहरूलाई नै के यी उत्तरहरू ठीक छन् या छैनन् भनी सोध्ने । वास्तवमा उनीहरूले जानेका कुरा यिनै हुन् । त्यसैले उनीहरूको विचारमा यहीं ठीक होलान् । त्यसपछि तयारी गरिएको स्लाइडको प्रस्तुति गर्ने ।
- स्लाइडको प्रस्तुतिपश्चात् पुन: उनीहरूले दिएको उत्तर र प्रस्तुत गरिएका विचार या कुराहरू कति हदसम्म मिल्दछ या मिल्दैन भनी सोध्ने । उनीहरूले देखाएका बुँदाहरू पुन: पढेर सुनाउने कति मिल्दछ या मिल्दैन प्रष्ट्याई दिने ।
- बुझे या नबुझेको बारे प्रश्न गर्ने र स्पष्ट पारिदिने ।

क्रियाकलाप २: व्यापार र मानवअधिकार बीचको अन्तरसम्बन्ध प्रष्ट्याउने ३५ मिनेट

- यो सत्रमा व्यापार र मानवअधिकार बीचको अन्तरसम्बन्ध बुझाउने एक डकुमेण्ट्री देखाइने छ भनी सहभागीहरूलाई जानकारी दिने ।
- त्यसपछि डकुमेण्ट्रीको प्रदर्शन गर्ने, सहभागीहरूले नबुझेका ठाउँहरूमा प्रष्ट्याई दिने । व्यापार र मानवअधिकारको बीचमा कस्तो अन्तरसम्बन्ध रहेको छ ? कसरी व्यापार र मानवअधिकार सँगसँगै जान सक्छ ? भन्ने प्रश्न गरी व्यक्तिगत रुपमा सहभागीहरूबाट उत्तर खोज्ने ।
- आएका उत्तरहरूलाई बोर्ड वा कागजमा सबैले देख्ने गरी टिपोट गर्ने । टिपोटपछि एक एक गरी पढ्दै छलफल चलाउने र अस्पष्ट भएको कुरालाई स्पष्ट पारिदिने

क्रियाकलाप ३: संक्षेपीकरण १० मिनेट

- सहभागीहरूबाट भएको अनुभवको आदनप्रदान र जिज्ञासाहरूलाई समेटेर मानवअधिकार र व्यपारिक कम्पनीको सम्बन्धमा संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्तलाई संक्षेपमा बुझाउने ।
- अन्तमा सहभागीहरूका विषयवस्तुउपर अन्य केही प्रश्न भए स्पष्ट पार्ने ।

| सत्रको शीर्षक | सत्र : तेस्रो |
|---|---|
| व्यापार र मानवअधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्तहरू | समय: ३० मिनेट |

यस सत्रको उद्देश्यहरू

यो सत्रको अन्तमा सहभागीहरूले निम्न बमोजिमका कुराहरू गर्न तथा भन्न सक्षम हुनेछन्:

- व्यापार र मानवअधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्तहरूको अवधारण र सैद्धान्तिक पक्षको विषयमा सहभागीहरूले बताउन सक्नेछन् ।

विधि : लेक्चरेट, माथापच्चीसी, प्रश्नोत्तर, उदाहरणहरू, अनुभव आदनप्रदान ।

सामग्री : ल्यापटप, स्लाईड, मेटाकार्ड, चार्टपेपर, मार्कर, मानवअधिकार र व्यापारसँग सम्बन्धित सामग्रीहरू ।

सिक्ने सिकाउने प्रक्रिया

क्रियाकलाप १: व्यापार र मानवअधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्तहरू बारे जानकारी गराउने — २० मिनेट

- व्यापार र मानवअधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्तहरू बारे सहभागीहरूको ज्ञानको जानकारी लिन प्रश्न सोध्ने ।
- व्यापार र मानवअधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्त निम्न रुपमा प्रस्तुतीकरण गर्ने:
  - महत्व र आवश्यकता
  - प्रयोग
  - कानूनी हैसियत

क्रियाकलाप ३: संक्षेपीकरण — १० मिनेट

- सहभागीहरूबाट भएको अनुभवको आदनप्रदान र जिज्ञासाहरूलाई समेटेर मानवअधिकार र व्यापारिक कम्पनीको सम्बन्धमा संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्तहरूलाई संक्षेपमा बुझाउने ।
- अन्तमा सहभागीहरूका विषयवस्तुउपर अन्य केही प्रश्न भए स्पष्ट पार्ने ।

| सत्रको शीर्षक | सत्र : चौथो |
|---|---|
| व्यापार र मानवअधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्तहरू (खम्बा १) | समय: १ घण्टा |

यस सत्रको उद्देश्यहरू यो सत्रको अन्तमा सहभागीहरूले निम्न बमोजिमका कुराहरू भन्न तथा गर्न सक्षम हुनेछन्:

- व्यापार र मानवअधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्तहरूको खम्बा १ को सिद्धान्तहरूको बारेमा जानकारी राख्नेछन् र अरुलाई बुझाउन सक्षम हुनेछन् ।

विधि : लेक्चरेट, माथापच्चीसी, प्रश्नोत्तर, उदाहरणहरू, अनुभव आदनप्रदान ।

सामग्री : ल्यापटप, स्लाईड (ह्याण्ड आउटस्), मेटाकार्ड, चार्टपेपर, मार्कर, व्यापार र मानवअधिकारसँग सम्बन्धित सामग्रीहरू ।

सिक्ने सिकाउने प्रक्रिया

क्रियाकलाप १: व्यापार र मानवअधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्तहरू (खम्बा १) बारे जानकारी गराउने — २० मिनेट

- सरकारले व्यापारिक प्रतिष्ठानमा मानवअधिकारको सुनिश्चितता कसरी गरेको छ ? भनेर प्रश्न राखी सहभागीहरूलाई उनीहरूको अनुभव/भोगाई आदनप्रदान गर्न लगाउने ।
- सहजकर्ताबाट व्यापार र मानवअधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्तहरूको खम्बा १ अन्तर्गतका १० वटा सिद्धान्तहरूको तयारी सामग्री प्रस्तुत गर्ने । प्रस्तुतिपछि सहभागीहरूको जिज्ञासामाथि छलफल गर्ने ।

क्रियाकलाप २: व्यापारिक प्रतिष्ठानमा मानवअधिकार संरक्षण नीति लागू भए नभएको बारे जानकारी लिने — ३० मिनेट

- बढीमा ७ जना र प्रत्येक समूहमा अनिवार्य महिला सहभागिता हुनेगरी समूह बनाउने र व्यापार र मानवअधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्तहरूको खम्बा १ अन्तर्गतका १० वटा सिद्धान्तहरूको व्यापारिक प्रतिष्ठानमा कार्यान्वयन र व्यवस्था भएको छ, छैन ? बुँदागत रुपमा छलफल गरी तयार गर्न लगाउने ।
- समूहबाट तयार गरिएका बुँदाहरू ठूलो समूहमा प्रस्तुत गर्न लगाउने । प्रस्तुत भएको बुँदाहरूमा अन्य समूहका सदस्यहरूबाट टिप्पणी गर्न लगाउने र टिप्पणीमा उठेका विषयहरूमाथि छलफल गरी निचोडमा पुग्ने ।

क्रियाकलाप ३: संक्षेपीकरण — १० मिनेट

- सहभागीहरूबाट भएको अनुभवको आदनप्रदान र जिज्ञासाहरूलाई समेटेर मानवअधिकार र व्यापारिक कम्पनीको सम्बन्धमा संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्तलाई संक्षेपमा बुझाउने ।
- अन्तमा सहभागीहरूका विषयवस्तुउपर अन्य केही प्रश्न भए स्पष्ट पार्ने ।

# तालीम सामग्रीहरू

# पहिलो सत्र

## आदिवासी अधिकारको अवधारणा

आदिवासी समुदायका सदस्यहरू भएको हुनाले केही छुट्टै किसिमका आधारभूत मानवअधिकार र स्वतन्त्रता आदिवासीहरूलाई रहेको हुन्छ । यी अधिकारहरू अन्तर्राष्ट्रिय कानूनहरूमा समुदायको अधिकार (Collective Rights) को रुपमा राखिएका छन् । ती अन्तर्राष्ट्रिय कानूनहरूमा अदिवासीहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७ (यसपछि घोषणापत्र भनिएको) र अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं १६९ (यस पछि महासन्धि भनिएको) आदि पर्दछन् । घोषणापत्र र महासन्धि नै बनाएर छुट्टै अधिकारहरू प्रत्याभूत गर्नुको कारण अन्य समुदायसँग बराबर हैसियतले प्रतिष्ठा र अधिकार उपभोग गर्ने वातावरण सुनिश्चित गर्नु हो । यी अधिकारहरू भएनन् भने आदिवासीले समान अधिकार र प्रतिष्ठाकासाथ बाँच्न पाउँछन् भन्ने कुनै ग्यारेण्टी हुन्न । घोषणापत्र तथा महासन्धि बाहेकका अन्य मानवअधिकार सम्बन्धी कानूनहरूमा लेखिएका अधिकार पनि आदिवासीले उपभोग गर्न पाउँछन् । पछिल्लो समयमा आदिवासीको क्षेत्रमा काम गर्ने विभिन्न वित्तीय संस्था, विश्व बैंक, एशियाली विकास बैंक, नर्वेजियन सहयोग नियोग, चाइना विकास बैंक आदिले पनि आदिवासीको विषयमा छुट्टै सुरक्षा नीतिहरू बनाएका छन् । यी वित्तीय निकायहरूको लगानी भएका परियोजना, आयोजना वा विकास निर्माणका जुनसुकै प्रकारका कामहरू संचालन भएका ठाउँमा आदिवासीहरू रहेछन् भने यी सुरक्षा नीति लागू हुन्छ । खासगरी आदिवासीलाई नकारात्मक असर पार्नेगरी, उनीहरूको सहभागिता वा परामर्श, अग्रीम सुसूचित स्वतन्त्र मञ्जूरी बिना कुनै पनि कार्य अगाडि बढाउन नपाइने जस्ता नीतिगत व्यवस्थाहरू रहेका देखिन्छन् ।

**आदिवासी अधिकारको स्रोत**

महासन्धि तथा अन्तर्राष्ट्रिय कानूनमा लिपीबद्ध अधिकार सन्धि, सम्झौता, समझदारी र सहमतिमा लिपीबद्ध प्रथा प्रथाजनित कानूनमा आधारित

आदिवासीहरूको अधिकारलाई संविधान तथा कानूनहरूमा राख्ने गरिएको छ । आदिवासीहरूसँग राज्यले गरेका सन्धि सम्झौताहरूमा पनि आदिवासीको अधिकारको उल्लेख गरेका हुन्छन् । न्यूजिलैण्डका आदिवासीहरूसँग भएको वाइटाङ्गी सन्धि, नेपालमा पनि लिम्बूहरूसँग भएका वि. स. १८३१ को सन्धि तथा संविधान निर्माणका क्रममा विभिन्न आदिवासी आन्दोलन र संस्थाहरूसंग राज्यले गरेका सहमतिहरू । अन्तर्राष्ट्रिय कानून, संविधान, कानून र सन्धि सम्झौता आदिवासी अधिकारका स्रोतहरू हुन् । अर्को अधिकारको स्रोत आदिवासीहरूको प्रथाजन्य कानून पनि हो ।

आदिवासीले विश्वलाई हेर्ने दृष्टिकोण आफ्नै प्रकारका रहेका छन् । सम्पूर्ण प्राणीजगत तथा समग्र धर्तीमा रहेका चर-अचर सबैको महत्व र स्थानलाई सम्मान गर्ने मूल्य र मान्यता आदिवासीहरूको संस्कृति, आस्था र विश्वासमा रहेको छ । जमीन, जल र जंगल तथा खानीसँग अभिन्नरुपमा आदिवासीहरूको साँस्कृतिक र आध्यात्मिक आस्था जोडिएका छन् । त्यसैले भनिन्छ-मानवअधिकारले

मानवजातिको अधिकारलाई मात्र समेट्दछ । तर आदिवासीको अधिकारले जीवन र सम्पूर्ण जगतलाई समेट्दछ ।

**सामुदायिक अधिकार** (Collective Rights)

समुदायमा रहेर र समुदायको हैसियतले उपभोग गर्न पाउने अधिकार सामुदायिक अधिकार हो । व्यक्तिगत अधिकार र समुदायको अधिकार संगसंगै रहन्छ । यो खासगरी समुदायको निरन्तर अस्तित्व र प्रगतिको लागि अपरिहार्य हुन्छ । सामान्यत: व्यक्तिगत अधिकार हनन हुँदा व्यक्ति पीडित हुन्छ । तर अर्को व्यक्ति त्यसबाट पीडित नहुन सक्छ । समुदायको अधिकार उल्लंघन भएमा त्यसबाट सबै समुदायको सदस्य पीडित बन्न सक्दछ । उदाहरणको लागि वि.सं १९१० को जंगबहादुर राणा प्रधानमन्त्री र सुरेन्द्र विक्रम शाह राजा भएका समयमा ल्याएको मुलुकी ऐनले आदिवासी जनजातिलाई पहिचानको आधारमा मासिन्या (दास बनाउन मिल्ने) र नमासिन्या (दास बनाउन नमिल्ने) मतवाली भनी वर्गीकरण गरेकै कारण आदिवासी जनजातिले अहिलेसम्म बर्चश्वमा रहेका समुदायसँग बराबर हैसियतमा अधिकार तथा राज्यशक्ति, स्रोत र साधन उपयोग गर्न सकिरहेका छैनन् । आत्मनिर्णयको अधिकार, स्वायत्तता, स्वशासन, अग्रीम सुसूचित स्वतन्त्र मञ्जूरी, आदिवासीको भूमिमाथिको अधिकार आदि सामुदायिक अधिकारका उदाहरण हुन् । सामुदायिक अधिकारलाई आदिवासीहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७ र अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं.१६९ ले प्रत्याभूत र संस्थागत गरेको छ ।

अन्य कुराहरूका अलावा आदिवासीहरूको सामुदायिक अधिकारभित्र निम्न अधिकार पर्दछन्:

- भूमि तथा प्राकृतिक स्रोतमाथिको अधिकार
- आत्मनिर्णयको अधिकार
- स्वतन्त्र, अग्रीम जानकारीसहितको मन्जुरी (Free, Prior and Informed Consent)को अधिकार
- प्रथा तथा परम्पराको अधिकार
- आस्था र विश्वास, मूल्य र मान्यताको अधिकार
- आर्थिक, सामाजिक, साँस्कृतिक र भाषिक अधिकार
- स्वनिर्णीत विकास (Self determined Development)को अधिकार

**महासन्धि नं. १६९ भनेको के हो ?**

अन्तर्राष्ट्रिय श्रम संगठनले सन् १९८९ मा यसलाई बनाएको हो । यसमा ४४ वटा धाराहरू रहेका छन् । आफ्ना संघसंस्था, जीवन पद्धति र आर्थिक विकासको अभ्यासलाई नियन्त्रण गर्ने तथा आफ्ना भाषा, धर्म, पहिचानलाई कायम राख्ने वा विकास गर्ने आदिवासीहरूको चाहनालाई मान्यता दिन यो महासन्धि ल्याइएको हो । त्यस्तै संसारका धेरै भागहरूमा आदिवासीहरूले आधारभूत मानवअधिकार अन्य समुदाय सरह उपभोग गर्न असमर्थ रहेका र आफ्ना कानून, मूल्य मान्यता, प्रथा तथा दृष्टिकोण

कमजोर बन्दै गरेको विषयलाई ध्यानमा राखी यस महासन्धि ल्याइएको हो । यस महासन्धिमा कस्ता विशेषता भएकालाई आदिवासी मान्ने भन्नेदेखि भूमि, भूभाग, आदिवासीको कानून कसरी संरक्षण गर्ने विकास र निर्णय प्रक्रियमामा परामर्श र सहभागिता र सहमति कायम गर्नुपर्नेलगायतका विषयहरूलाई अधिकारको रुपमा प्रत्याभूत गरिएको छ । नेपालले महासन्धिलाई अनुमोदन गर्नुपर्ने कारणहरूमा (क) व्यवस्थापिकाले २०६३ भदौमा पारित गरेको संकल्प प्रस्तावद्वारा सरकारलाई निर्देशित गरेको, (ख) सामाजिक समावेशीकरण, समावेशी राज्य व्यवस्थाको स्थापना, (ग) आदिवासी जनजातिहरूको हक अधिकारको सम्मान तथा (घ) नेपालको वर्तमान द्वन्द्वलाई स्थायीरुपले समाधान गर्न महत्वपूर्ण हुने, (ङ) आदिवासी जनजातिको पृथक संस्कृति, जीवनपद्धति र परम्परागत भेषभूषाको संरक्षण र सम्मान गर्ने, (च) उनीहरूको आफ्नै पहिचानसहितको जीवनपद्धति विकासका साथ आत्म-निर्णयको अधिकारको संरक्षण, संवर्द्धन र सुनिश्चितता गर्न अन्तर्राष्ट्रिय महासन्धि नं.१६९ अनुमोदन गरेको थियो ।[1] महासन्धिमा उल्लिखित अधिकारको उल्लंघन भएमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूमा उजूर गर्न सकिन्छ ।

राज्यले महासन्धिको सबै व्यवस्थाहरूलाई पालना गरेको देखिदैन । नेपाल सरकार प्रधानमन्त्रीको कार्यालयबाट जारी चौथो मानवअधिकार राष्ट्रिय कार्ययोजनामा प्रष्टसँग आदिवासी/जनजातिको अधिकार संरक्षण गर्ने सम्बन्धी ILO Convention No.169 को कार्यान्वयनको लागि तयार भएको राष्ट्रिय कार्ययोजनालाई नेपाल सरकारबाट अनुमोदन गरी स्वीकृत गर्ने, कानूनको पुनरावलोकन गरी परिमार्जन गर्ने वा नयाँ कानून तर्जूमा गरी कार्यान्वयन गर्ने (पृ.७०) भनी लेखिए तापनि सो अनुरुप कुनै काम भएको छैन ।

आदिवासी आफैंले महासन्धिको विषयमा कुरा नउठाएसम्म सरकार, सरकारी निकाय वा व्यापारिक संस्थाहरूले त्यसबारेमा चासो नदिने गरेको छ । उल्टै महासन्धिको विरोध गरेको पनि देखिन्छ ।

**महासन्धिको उद्देश्य**

- आदिवसीहरूसँगको साझेदारी र सहकार्यबाट दीगो विकास, वृहत जिम्मेवारी, विवादको शान्तिपूर्ण समाधान र दीगो शान्ति कायम गराउने ।
- आदिवासीहरूको आफ्नो जीवनपद्धति, पहिचान (भाषा, आस्था, संस्कृति, प्रथा परम्परा, प्रथाजनित कानून, संघसंस्था, भूमि तथा प्राकृतिक स्रोत) विकास उपर नियन्त्रण गर्ने, पृथक पहिचानसँग निरन्तर रहन पाउने जन्मसिद्ध अधिकारलाई अभ्यास गर्ने उनीहरूको अपेक्षालाई बाह्य हस्तक्षेप बिना मान्यता दिने ।
- अर्थपूर्ण परार्मश, सहभागिता र प्रतिनिधित्व कायम गरी उनीहरूसँग सम्बन्धित कार्य गर्ने ।
- विकास र सेवाका हरेक प्रतिफलमा समान हैसियतका साझेदार बनाउने ।

[1] तात्कालीन स्थानीय विकास मन्त्रालयबाट मन्त्री परिषदमा लगिएको प्रस्तावमा उल्लिखित कुराहरू

**महासन्धिप्रति नेपालको दायित्व**

नेपाल यो सन्धिको पक्षराष्ट्र भएको हुनाले यसले यी दायित्वहरू पूरा गर्नुपर्ने कानूनी, संवैधानिक र अन्तर्राष्ट्रिय दायित्व रहेको छ। नेपाल सन्धि ऐन, २०४७ को दफा ९ अनुसार महासन्धिको प्रावधान नेपाल कानून सरह हुने र नेपाल कानूनको प्रावधान महासन्धिको प्रावधानसँग बाझिएमा बाझिएको हदसम्म महासन्धिको प्रावधान लागू हुन्छ। राज्यले निम्न तरिकाले महासन्धिको पालना गर्नुपर्दछ :

- सम्मान गर्ने: राज्य आफैंले महासन्धिका प्रत्येक धाराहरू लागू गर्ने।
- प्रवर्द्धन गर्ने: राज्यले महासन्धिका विषयलाई प्रचार प्रसार गर्ने।
- संरक्षण गर्ने: राज्यले अरु कसैले महासन्धिमा लेखिएका कुरा उल्लंघन गरेमा पालना गर्न लगाउने
- परिपालन गर्ने: राज्यले महासन्धि अनुरुप नयाँ कानून बनाउने वा भइरहेको कानून परिमार्जन गर्ने।

**व्यापार मानवअधिकार सम्बन्धी विशेष प्रावधानहरू**

भूमि, प्राकृतिक स्रोतमाथिको अधिकार, शिक्षा र संचारको अधिकार, रोजगारी सम्बन्धी अधिकार, परम्परागत पेशा व्यवसायको अधिकार, सामाजिक सुरक्षा र स्वास्थ, अन्तर्देशीय सम्पर्कको अधिकार, न्याय प्रशासनको अधिकार, परामर्श र सहभागिताको अधिकार आदि। यी आदिवासीहरूको अधिकार लागू गर्न संयन्त्र, कार्ययोजना, कानून, नीति नियमलगायतका उपयुक्त विधि सरकारले आदिवासीहरूको सहभागिता, परामर्श र सहमतिमा बनाउनु पर्दछ।

**परामर्शका तत्वहरू:**

- अग्रीम परामर्श,
- इमान्दारिता,
- उचित प्रक्रिया,
- जवाफदेही संस्था वा संगठनको माध्यमद्वारा सहमति प्राप्त गर्ने उद्देश्य,
- सूचना दिने उद्देश्य मात्र होइन,
- प्रतिनिधित्व।

सहभागिताको तत्वहरू:

- निर्णय गर्ने सबै तहहरूमा स्वतन्त्र सहभागिता,
- नीति, कार्यक्रम तथा कार्ययोजना निर्माण, लागू र मूल्याङ्कनमा सहभागिता,
- आदिवासीलाई सरोकार राख्ने कानून बनाउदा सरकारी प्रतिष्ठानले निर्णय गर्दा आदिवासीलाई सहभागिता हुने अधिकार।

**आदिवासीको प्रतिनिधि:**

- आदिवासी समुदायप्रति जवाफदेही रहेको हुनुपर्छ,
- समुदायबाट चयन गरिएको हुनुपर्छ,
- आफ्नो प्रक्रिया अनुरुप चयन भएको हुनुपर्दछ।

**भूमि तथा प्राकृतिक स्रोतसाधनमाथिको अधिकारः**

आदिवासीहरूले परम्परादेखि आफ्नो स्वामित्वमा रहेका, भोगी, चर्ची ओगटी आएका भूमि, भूभाग वा प्राकृतिक स्रोतमाथिको अधिकारलाई राज्यद्वारा मान्यता दिइनुपर्दछ । यी विषयहरू उनीहरूको पहिचान, संस्कृति, भाषा, आस्था, अस्तित्व र जीवनपद्धतिसँग अन्योन्याश्रित रुपमा जोडिएको हुन्छ। त्यसमा उनीहरूको सामुहिक अधिकार रहन्छ। भूमि, भूभाग वा प्राकृतिक स्रोत दोहन गरिँदा नकारात्मक असर पारिनु हुन्न। उनीहरूसँग अग्रीम सुसूचित स्वन्तन्त्र मन्जूरी लिनुपर्दछ।

**आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७**

घोषणापत्र संयुक्त राष्ट्रसंघद्वारा आदिवासी जनजातिहरूसंगको सहकार्यमा निर्माण गरिएको अन्तर्राष्ट्रिय नैतिक कानून हो। यसमा २० वर्षभन्दा बढी सरकार, आदिवासी जनजाति तथा अन्तर्राष्ट्रिय विज्ञहरूले छलफल गरी बनाएको हो। नैतिक दायित्व रहने, तर ठाडै उल्लंघन गर्न नमिल्ने कानून हो। यसले आदिवासीहरूको अधिकार जन्मसिद्ध खोस्न नमिल्ने अधिकारको रुपमा प्रत्याभूत गरेको छ (प्रस्तावना नं. ६)। यसका २४ वटा प्रस्तावना र ४६ वटा धारा रहेका छन्। यी अधिकारहरू आदिवासीहरूलाई मानवको रुपमा बाँच्नको लागि नभई नहुने न्यूनतम अधिकारहरू हुन्।

**विकास र मानवअधिकारसँग सरोकार रहने घोषणापत्रको मुख्य-मुख्य अधिकारहरू**

- आदिवासीहरूलाई वैयक्तिक तथा सामुदायिक रुपमा संयुक्त राष्ट्रसंघको घोषणापत्र, मानवअधिकारको विश्वव्यापी घोषणापत्र र अन्तर्राष्ट्रिय मानवअधिकारका कानूनहरूमा मान्यता दिइएका सम्पूर्ण मानवअधिकार उपभोग गर्ने अधिकार रहन्छ।
- आदिवासीहरूलाई विकासमा आत्मनिर्णयको अधिकार हुन्छ। यस अन्तर्गत, कस्तो तरिकाको विकास गर्ने ? प्राथमिकता निर्धारण गर्ने र विकासका रणनीति निर्माण गर्ने अधिकार रहन्छ।
- स्वतन्त्र अग्रीम जानकारीसहितको मन्जुरीको अधिकार (FPIC) रहन्छ।
- आदिवासीहरूले परम्परागत रुपमा स्वामित्वमा राखेका, भोगी, चर्ची ओगटी आएका भूक्षेत्र, भूमि तथा प्राकृतिक स्रोतमाथिको अधिकार रहन्छ। राज्यले यसलाई मान्यता दिनुपर्दछ।
- आदिवासीहरूलाई उनीहरूको भूमि वा भूक्षेत्रबाट जबर्जस्ती विस्थापन गर्न पाइन्न। अग्रीम सुसूचित स्वतन्त्र मन्जूरी विना कुनै हालतमा पुनर्वास गर्न पनि पाइन्न। न्यायिक र उचित क्षतिपूर्तिको सम्झौतापश्चात् पनि सम्भव रहे आफ्ना थातथलोमा फर्कन पाउने विकल्प दिइनु पर्दछ।
- आदिवासीहरूलाई अग्रीम सुसुचित स्वतन्त्र मन्जूरी विना खोसिएको वा लिइएको थातथलो (भूमि, भूभाग र भूक्षेत्र) फिर्ता पाउने अधिकार हुन्छ। यदि यो सम्भव भएन भने न्यायिक, उचित र समान हैसियतको क्षतिपूर्ति पाउने अधिकार हुन्छ।

**घोषणापत्रमा उल्लिखित आदिवासीको प्रतिनिधित्वको व्यवस्था**

- आदिवासी जनजातिको आफ्नै मौलिक प्रक्रिया बमोजिम समुदायद्वारा चयन गरिएको प्रतिनिधिमार्फत प्रतिनिधित्व गराउने।

- वाह्य हस्तक्षेप गरिनु नहुने,
- प्रतिनिधिमूलक, परम्परागत संस्थामार्फत प्रतिनिधित्व गराइनुपर्ने,
- आदिवासी जनजातिको प्रथा एवं प्रथाजनित कानूनको परिपालना गरिएको हुनुपर्ने,
- आदिवासी जनजातिको समुदायप्रति जवाफदेहिता, पारदर्शिता,उत्तरदायित्व रहने समुदायका प्रतिनिधित्व रहनुपर्ने ।

**घोषणापत्रमा उल्लिखित भूमि, भूक्षेत्र र प्राकृतिक स्रोतमाथिको अधिकार**

- आफ्नो भूमि तथा भूभागबाट जबर्जस्ति विस्थापन गर्न नमिल्ने, अग्रीम सूचना र मञ्जूरी लिएर मात्र कुनै पनि क्रियाकलाप गर्नुपर्ने, उचित क्षतिपूर्ति वा पुनः फर्कन पाउने शर्तमा मात्र अन्यत्र सार्न पर्ने ।
- भूमि, भूक्षेत्र र प्राकृतिक स्रोतसाधनबाट वन्चित गर्ने कार्यबाट राज्यले जोगाउने र भएकोमा पुनःप्राप्ति गराउने (धारा ७)
- संस्कृतिसँग जोडिएका वस्तुहरूमाथिको पूर्ण नियन्त्रण तथा उपभोगको अधिकार विना सहमति लिएका पुर्ख्यौली भूमि फिर्ता गर्नुपर्ने अधिकार (धारा १२ र १३)
- राज्यले ऐन, नियम, नीति बारे बुझाउन पर्ने दायित्व (धारा १४)
- आफूलाई प्रभावित बनाउने कानून, नीति तथा सबैखाले निर्णयमा सहभागी हुन पाउने अधिकारः
- कानून बनाउदा प्रशासनिक निर्णय तथा लागू गर्दा इमान्दारीसाथ परामर्श गरी अग्रीम परामर्श र मञ्जूरी कायम गर्ने (धारा २०)
- जीविकोपार्जनको माध्यमबाट (भूमि, जग्गा जमीन आदि) वन्चित भए पुनः प्राप्ति गर्न पाउने,
- विकासको सर्न्दभमा आफ्नो प्राथमिकता निर्धारण गर्न पाउने, उनीहरूलाई सरोकार रहने स्वास्थ्य, बसोवास, आर्थिक सामाजिक विकासमा पूर्ण सहभागी हुन पाउने अधिकार ।

**अग्रीम जानकारीसहितको मन्जुरी भन्नाले के बुझिन्छ ?**

यो सम्बन्धित समुदायले “हुन्छ” या “हुन्न” भन्ने अधिकार हो । यो एउटा प्रक्रिया पनि हो । आफ्ना विषयमा आफैंले निर्णय गर्न पाइन्छ भन्ने आत्मनिर्णयको अधिकार प्रयोग गर्ने तरिका हो ।

- **कोसँग गर्ने ?**
  - आदिवासी जनजाति समुदायसँग,
- **कसरी ?**
  - प्रतिनिधिमूलक संघसंस्थामार्फत र सम्बन्धित जनताले चयन गरेका प्रतिनिधि,
  - आदिवासीहरूको प्रथा परम्परागत विधि प्रक्रिया अनुसार । यसको निम्ति सम्बन्धित समुदायलाई बुझ्न सकिन्छ ।
  - आदिवासी जनजातिहरूले बुझ्नसक्ने प्रक्रिया अनुसार ।

▶ **कहिले ?**

- कुनै पनि कानून, नियम, नीति तथा योजना बनाउन अगाडि,
- कुनै पनि कानून तथा नीति लागू गर्न अगाडि,
- विकास योजना लागू गर्नु अगाडि ।

**आदिवासीहरूलाई विशेष संरक्षणको अधिकार**

- आदिवासी जनजातिको वृद्धवृद्धा, महिला, बालबालिका, युवा, अशक्तहरूको निरन्तर आर्थिक र सामाजिक विकास सुनिश्चित गर्ने (धारा १९ र २०)
- आदिवासी जनजातिको वृद्धवृद्धा, महिला, बालबालिका, युवा, अशक्तहरूको अधिकार र विशेष आवश्यक्तामा ध्यान दिनुपर्ने (धारा २२)
- आदिवासी जनजातिहरूले आफ्नो सामुहिक पद्धतिको अवलम्बन गर्न पाउने अधिकार,
- आदिवासी जनजातिहरूको समुदायलाई विलयन विरुद्धको अधिकार रहन्छ,
- आदिवासी जनजातिलाई पहिचानको मान्यता पाउने अधिकार ।

# दोस्रो सत्र

**व्यापार र आदिवासी अधिकार**

व्यापार नाफा कमाउनका लागि गरिने क्रियाकलाप हो । नेपाली बृहत् शब्दकोशका अनुसार व्यापार भन्नाले "लाभको निम्ति कुनै वस्तु वा सामान खरिद गरेर वा उत्पादन गरेर बिक्री गर्ने काम, किन्नेबेच्ने काम, बाणिज्य, व्यापार"[2] भन्ने बुझिन्छ । त्यस्ता व्यापारमा संलग्न संगठनहरूलाई व्यापारिक प्रतिष्ठान भनिन्छ । शब्दकोशका अनुसार व्यापारिक प्रतिष्ठान भनेको "व्यापार सम्बन्धी, व्यापार विषयको, व्यपार संस्था"[3] हो । यसरी व्यापार गर्ने उद्देश्यले गठन भएका निकायहरूलाई कम्पनी, निगम, कर्पोरेशन आदि नामले चिनिन्छ । यस्ता निकायहरू कानूनी रुपमा दर्ता भई संचालनमा आएका हुन्छन् । यसरी स्थापना भएका कम्पनी तथा कर्पोरेशनहरू कानूनबाट सिर्जना भएका व्यक्ति हुन् । कर्पोरेशन काल्पनिक र गैरप्राकृतिक (मानिस जस्तो होइन) व्यक्ति हो । यसलाई कानूनले स्थापना गर्ने र हैसियत दिने गर्दछ । कर्पोरेशनले यसलाई जन्माउने व्यक्तिहरूभन्दा भिन्नता राख्न सक्छ । अर्थात् फरक अवधारणा लिन सक्छ ।[4] अमेरिकी हेरिटेज शब्दकोशको व्याख्या अनुसार कर्पोरेशन विधान (बडापत्र)ले बनाएको व्यक्तिहरूको समूह हो, उनीहरूको आफ्नै विशिष्ट अधिकार र दायित्व हुन्छ । कर्पोरेशन त्यसमा आवद्ध अन्य मानिसहरूका भन्दा फरक हुन्छ भनी कानूनले मान्यता दिन्छ । त्यसकारण विधानले छुट्टै अस्तित्वको रुपमा कर्पोरेशनलाई रहन दिन्छ ।[5]

तर कम्पनीहरूले नाफा कमाउनका लागि व्यापार गरिरहँदा उनीहरूको समाज तथा समुदायप्रतिको दायित्व भूल्न मिल्दैन । किनभने कम्पनीका क्रियाकलापहरूले वातावरण तथा मानव स्वास्थ्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा असर पारिरहेका हुन्छन् । उदाहरणका लागि जल विद्युत परियोजनाहरूले वनजंगल विनाश गरिरहेको हुन सक्छ । वर्षौंदेखि बसिआएका समुदायलाई उनीहरूको बास स्थानबाट विस्थापन गरिदिन सक्छ, उनीहरूको धार्मिक, साँस्कृतिक तथा पवित्र स्थलहरू नष्ट पार्न सक्छ आदि । व्यापारिक निकायहरूले अक्सर प्राकृतिक स्रोतसाधनको दोहन गर्छन् । आदिवासीहरूको प्रकृतिसँग नजिकको सम्बन्ध रहन्छ । अर्थात् उनीहरू प्रकृतिसँग आश्रित हुन्छन् । ठूला-ठूला व्यापारिक दृष्टिले निर्माण भएका परियोजनाहरू आदिवासीहरू बस्ने ठाउँहरूमा निर्माण हुने गरेका छन् । परिणाम स्वरुप उनीहरू आफ्नो पुर्ख्यौली भूमिबाट विस्थापित हुनका साथै उनीहरूको जीविकोपार्जनमा समेत नराम्रो असर पर्छ । त्यसै गरी उनीहरूले परम्परादेखि मान्ने धार्मिक र साँस्कृतिक स्थलहरूमा समेत यस्ता परियोजनाहरूले नराम्रो असर पारेका हुन्छन् ।

2 नेपाली बृहत् शब्दकोश (२०७२) नेपाल प्रज्ञा प्रतिष्ठान, संशोधित, पृ.११७९

3 ऐ.ऐ.

4 Black's Law Dictinary, Seventh Edition

5 Corporate Governance, P.2

भूमि र प्राकृतिक स्रोतसाधनमाथि आदिवासीहरूको विशेष अधिकार रहने कुरा आईएलओ महासन्धि नं.१६९ मा उल्लेख छ। यो आदिवासी अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानून हो। त्यस्ता अरु पनि अन्तर्राष्ट्रिय कानूनहरू रहेका छन्। यी कानूनहरूले आदिवासीहरूको भूमि तथा प्राकृतिक स्रोतमाथि अधिकार हुन्छ भनेको छ र कुनै पनि सरकार तथा निजी क्षेत्र, कम्पनी वा परियोजनाले उनीहरूको भूमि र सो भूमिमा भएको प्राकृतिक स्रोतसाधन उपभोग तथा परिचालन गर्नभन्दा पहिला त्यहाँका आदिवासीहरूसंग सोध्नु पर्छ। यदि यसरी सोध्दा आदिवासीहरूले उनीहरूको क्षेत्रको भूमि र प्राकृतिक स्रोतहरू अरुलाई परिचालन गर्न दिँदैनौं भने भने जबर्जस्ती गर्न मिल्दैन। अर्थात् आदिवासीहरूको निर्णय कम्पनी तथा परियोजनाहरूले मान्नु पर्छ। यदि कम्पनी र परियोजनाहरूले आदिवासीहरूलाई परियोजना बारे बताएनन्, उनीहरूको सहमति लिएनन् र जबर्जस्ती उनीहरूको भूमि र प्राकृतिक स्रोत साधन हडप्न खोजे भने त्यो मानवअधिकारको हनन हो। अन्तर्राष्ट्रिय कानूनको उल्लंघन हो।

# तेस्रो सत्र

**व्यापार र मानव अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्तहरू**

- यो मानव अधिकारको सम्मान, रक्षा र सम्बोधनको लागि संयुक्त राष्ट्रसंघको मानवअधिकार समितिबाट सन् २०११ मा ल्याएको अन्तर्राष्ट्रिय दस्तावेज हो ।[6]
- विकास परियोजनाहरू संचालनमा ल्याउँदा व्यापारिक संस्थाहरूले मानवअधिकारको नकारात्मक (adverse impact) प्रभावलाई रक्षा, सम्मान र सम्बोधन गर्न बनाइएको पहिलो (first framework) अन्तर्राष्ट्रिय दस्तावेज हो ।

सबैभन्दा पहिले बेलायतले यो दस्तावेजलाई कार्यान्वयन गर्न राष्ट्रिय कार्ययोजना ४ सेप्टेम्बर, २०१३ मा बनायो । त्यसपछि विभिन्न देशहरुले जस्तो डेन्मार्क, नेदरलेण्डले समेत बनायो । अन्य युरोपियन देशहरु जस्तो इटली, स्पेन, फिण्ल्याड आदिले पनि राष्ट्रिय कार्ययोजनाका लागि अध्ययन र मस्यौदा बनाइरहेको छ ।

- यसमा मानवअधिकारको सम्मानमा राज्य र निजी क्षेत्रले गर्नुपर्ने दायित्वहरूको व्यवस्था गरेको छ ।
- यस दस्तावेजका अनुसार राज्यहरूले मानवअधिकारको रक्षा गर्नुपर्ने हुन्छ भने निजी क्षेत्रले सम्मान र सम्बोधन गर्नुपर्छ ।
- यी निर्देशक सिद्धान्तहरू सबै राज्यहरू र सबै व्यापारिक निकायहरूलाई लागू हुन्छ ।
- यो व्यापारिक संस्थाहरूले ऐक्षिक होइन, निरन्तर र अनिवार्य रुपमा आफ्नो व्यापारिक क्रियाकलापमा अपनाउनु पर्ने मापदण्ड हो ।
- यो विश्वव्यापी रुपमा राज्य, व्यापारिक संस्था नागरिक समाज, आदिवासी जनजातिहरूको छलफलबाट तयार पारिएको सिद्धान्तहरू हो ।[7]

यस निर्देशक सिद्धान्तमा भएका सबै सिद्धान्तहरू आदिवासीहरूको लागि अति महत्वपूर्ण रहेको छ, भलै यसमा आदिवासी भन्ने शब्द छैन । तर सिद्धान्त १२ लाई हेर्ने हो अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं.१६९, आदिवासीहरूको अधिकार सम्वन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रका प्रावधानलाई आदिवासीहरूको मानवअधिकारको रुपमा मान्न पर्ने दायित्व राज्य र व्यापारिक संस्थाहरूलाई तोकिदिएको छ ।

लाहुर्निप पक्ष र नेपाल सरकार विपक्षी रहेको उत्प्रेषणयुक्त परमादेश समेतको रीटमा, अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९, लाई मानवअधिकारको दस्तावेजको रुपमा स्वीकार गरी सर्वोच्च अदालतले फैसला गरेको छ । (०६५)-WO-०४७५ फैसला मिति २०७० वैशाख ८ गते ।

---

[6] IWGIA report 17, 2014, p.10

[7] https://en.wikipedia.org/wiki/United_Nations_Guiding_Principles_on_Business_and_Human_Rights.

- यो दस्तावेजले कुनै पनि अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकारको दायितव र अधिकारलाई सीमित गर्दैन, बरु यसले अझ प्रष्ट पार्ने काम गर्दछ। अर्थात् यी सिद्धान्तहरूले सम्बन्धित पक्षहरूको मानवअधिकार सम्बन्धी नयाँ उत्तरदायित्व सिर्जना गरेको नभई मानवअधिकारका कानूनहरूमा भइरहेको उत्तरदायित्व तथा कर्तव्यलाई व्यापारको सन्दर्भमा अपनाएका सिद्धान्त हुन्।
- यसको महत्वपूर्ण उद्देश्य भनेको व्यापारिक क्रियाकलापहरूलाई मानवअधिकारमैत्री तथा जनउत्तरदायी र दीगो विकासको लागि व्यापार गर्ने संस्थाहरूलाई मानवअधिकारको सम्मान गर्ने दायित्ववोध गराउने आधिकारिक दस्तावेज हो।

**निर्देशक सिद्धान्तहरूको तीनवटा खम्बाहरू रहेका छन्:**

**खम्बा १: संरक्षण**

खम्बा १ अनुसार विकास परियोजनाहरू कार्यान्वयनका क्रममा मानवअधिकार हनन भएको खण्डमा सोको संरक्षणको दायित्व राज्यको रहेको हुन्छ।

**खम्बा २: सम्मान**

खम्बा २ अनुसार विकास परियोजनाहरू कार्यान्वयनका क्रममा मानवअधिकार सम्मानको दायित्व व्यापारिक प्रतिष्ठानहरूको रहेको हुन्छ।

**खम्बा ३: उपचार**

परियोजना संचालनको समयमा वा कार्यान्वयनपछि समुदायहरूको मानवअधिकार हनन भएको खण्डमा उपचारका कदमहरू लिनुपर्दछ। उपचार सम्बन्धी खम्बा अन्तर्गत पूर्ण प्रक्रिया तथा परियोजनाहरूले मानवअधिकार हनन गरेको खण्डमा न्यायिक उपचारका मापदण्डहरू तयार गर्नुपर्ने हुन्छ। उदाहरणका लागि-कुनै जलविद्युत परियोजना संचालनमा आएको छ। राज्यले परियोजना संचालनमा रहेको स्थानका आदिवासी र स्थानीय समुदायको अधिकारको रक्षा गर्नुपर्छ भने परियोजनाले उनीहरूको अधिकारको सम्मान गर्नुपर्छ। यदि परियोजनाहरूबाट मानवअधिकार हनन भएको पाइएमा वा नकारात्मक असर परेमा पीडितहरूलाई न्यायपूर्ण उपचार उपलब्ध गराउने दायित्व राज्य र परियोजनाको रहन्छ।

# चौथो सत्र

**खम्बा १:**

खम्बा १ अनुसार विकास परियोजनाहरू कार्यान्वयनका क्रममा मानवअधिकार हनन भएको खण्डमा सोको संरक्षणको दायित्व राज्यको रहेको हुन्छ । यस पिलर (खम्बा) अन्तर्गत व्यापार र मानवअधिकारको सम्बन्धमा संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्तहरूका १ देखि १० सम्मका सिद्धान्तहरू रहेका छन्, जसले राज्यको मानवअधिकार संरक्षणको दायित्वहरू निर्धारण गरेको छ ।

राज्यको दायित्व भनेको आफ्नो क्षेत्रभित्र मानव अधिकारको संरक्षण, सम्मान र परिपूर्ति गर्ने हो । मानवअधिकारको उपभोगमा राज्यले मानवअधिकार कमजोर गर्ने कार्य गर्न हुँदैन । जस्तो आदिवासीहरूलाई जबर्जस्ती पुनर्वासको कार्य । (IWGIA report16, 2014, p.15)

**Infringement**

**१. मानवअधिकार संरक्षणमा राज्यको दायित्व**

**क. मौलिक सिद्धान्तहरू**

- राज्यले आफ्नो सीमा र/अथवा व्यापारिक निकायहरूलगायत तेस्रो पक्षहरूको क्षेत्राधिकारभित्र हुने मानवअधिकार उल्लंघन संरक्षण गर्नुपर्छ । त्यस प्रकारको उल्लंघनहरूको रोकथाम, अनुसन्धान, दण्ड र उपचारका लागि प्रभावकारी कानून, नीति, नियम र न्यायिक निर्णयमार्फत उचित कदमहरू चाल्नु पर्दछ ।

यस सिद्धान्त अन्तर्गत तेस्रो पक्षबाट मानवअधिकार उल्लंघन हुन नदिन राज्यले रोकथामको लागि गर्नपर्ने उपाय र विधिहरू पर्दछ । जस्तो-स्पष्ट, पूर्ण र न्यायिक ऐन कानून, नीति नियम बनाउने, पालना र कार्यान्वयनको सुनिश्चितता गराउने, मानवअधिकारको सम्मान गराउन गरिने प्रोत्साहन, हौसला, सहयोग आदि गर्ने ।

- राज्यहरूले आफ्नो सीमा र/अथवा क्षेत्राधिकारभित्र संचालित व्यापारिक निकायहरूले तिनीहरूको संचालन अवधिभर मानवअधिकार सम्मान गरेको कुरा सुनिश्चित गर्नुपर्दछ ।

**ख. कार्यविधिक सिद्धान्तहरू**

**राज्यको सामान्य नियमन तथा नीतिगत दायित्वहरू**

३. संरक्षणको आफ्नो दायित्व पूरा गर्न राज्यले

(क) व्यापारिक निकायहरूलाई मानवअधिकार सम्मान गराउने उद्देश्य वा प्रभाव पार्न, आवश्यक पर्ने नीतिहरू लागू भएको सुनिश्चित गर्ने र नियमित रुपमा पर्याप्तता र खाडलहरूको सम्बोधनका लागि मूल्यांकन गर्ने;

नेपालको परिपेक्ष्यमा हेर्दा आदिवासीको भूक्षेत्र, भूमि, प्राकृतिक स्रोतसाधनमाथिको अधिकार, स्वतन्त्र अग्रीम सुसूचित मञ्जुरीको अधिकार, पहिचान आदि अधिकारहरू अन्तर्राष्ट्रिय कानूनहरूमा प्रष्ट प्रावधान भए पनि राष्ट्रिय कानूनमा व्यवस्था नभएकोले आदिवासीहरूको अधिकारको सन्दर्भमा यी अन्तर्राष्ट्रिय कानूनहरूलाई नै हेर्नपर्ने हुन्छ । यी कमीकमजोरीलाई राज्यले ध्यान दिई व्यापारिक क्रियाकलापबाट आदिवासीको मानवअधिकार संरक्षण गर्न सकिन्छ ।

(ख) व्यापारिक निकायहरूको स्थापना तथा संचालनका लागि बनेका कानून तथा नीतिहरू, जस्तै कम्पनी ऐन, मानवअधिकार सम्मानमा व्यवधान खडा गर्ने प्रकारको नभई सवलीकरण गर्ने भएको सुनिश्चित गर्ने,

(ग) संचालन अवधिभर कसरी मानवअधिकार सम्मान गर्ने भन्ने विषयमा व्यापारिक निकायहरूलाई प्रभावकारी मार्ग निर्देशन गर्ने;

(घ) व्यापारिक निकायहरूलाई मानवअधिकारमा परेको नकारात्मक प्रभावहरू सम्बोधन कसरी गरेको छ र जहाँ आवश्यक पर्छ, संचार गर्न प्रोत्साहन गर्ने ।

**राज्य–व्यापार संजाल**

४. राज्यहरूले आफ्नो स्वामित्व वा नियन्त्रणमा रहेका व्यापारिक निकायहरू अथवा राज्यका निकायहरूबाट अधिक अनुदान र सुविधा पाउने जस्तै निर्यात व्यापार सुविधा, सरकारी लगानीको बीमा, (जसमा उचित छ,) ले गर्ने मानवअधिकार उल्लंघन विरुद्ध संरक्षण प्रदान गर्न मानवअधिकारको पूर्ण प्रक्रिया (Due Diligence Process) अपनाई थप कदमहरू चाल्न जरुरी छ ।

५. राज्यहरूले व्यापारी निकायहरूसँग करार गर्दा अथवा नियमन गर्दा उनीहरूले प्रदान गर्ने सेवाहरूले मानवअधिकार उपभोगमा नकारात्मक असर पारे नपारेको, राज्यहरूको अन्तर्राष्ट्रिय मानवअधिकारप्रतिको दायित्व पूरा गर्न, पर्याप्त मात्रामा निरीक्षण गर्नु पर्छ ।

६. राज्यले व्यापारिक निकायहरूलाई आर्थिक गतिविधिसँगै मानवअधिकार सम्मान गर्न प्रोत्साहन गर्नुपर्छ ।

७. द्वन्द्वग्रस्त क्षेत्रमा मानवअधिकार उल्लंघनको खतरा बढी हुन्छ । त्यस अवस्थामा संचालित व्यापारिक निकायहरू त्यस प्रकारको हननहरूमा संलग्न नभएको सुनिश्चितता राज्यहरूले गर्नुपर्छ, त्यसका लागि निम्न उपायहरू अपनाउनु जरुरी देखिन्छ

(क) सम्भव भएसम्म शूरुकै अवस्थामा व्यापारिक संस्थाहरूसँग संलग्न भई तिनीहरूको गतिविधिबाट हुने मानवअधिकारसँग सम्बन्धित चुनौति र व्यापार सम्बन्धका बारे पत्ता लगाउन, रोकथाम गर्न र कम गर्न सहयोग गर्ने;

(ख) विशेषगरी लैंगिक र यौनिक हिंसाका घटनाहरूलाई प्राथमिकता दिई अधिकार उल्लंघनको अवस्था आँकलन र उपचारका लागि व्यापारिक निकायहरूलाई पर्याप्त मात्रामा सहयोग प्रदान गर्ने;

ग) मानवअधिकार उल्लंघनमा संलग्न भएका र अवस्थाको उपचारका लागि सहकार्य गर्न अस्वीकार गर्ने व्यापारिक निकायहरूलाई सार्वजनिक सुविधाको पहुँच र सेवाहरूबाट निषेध गर्ने;

जस्तो नेपालले आईएलओ महासन्धि नं. १६९ पारित गरेको छ । त्यसलाई आधिकारिक सूचना संप्रेसण गर्न राजपत्रमा सूचना प्रकाशित गरी कानूनी हैसियत प्रदान गरेको छ र केही वर्ष आईएलओ महासन्धि नं. १६९ को विषयमा जानकारी गराउन आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानमार्फत केही बजेटको व्यवस्थासमेत गरी प्रतिष्ठानलाई सहयोग प्रदान गरेको थियो ।

घ) व्यापारिक निकायहरू मानवअधिकार उल्लंघनमा संलग्न हुने चुनौतिलाई सम्बोधन गर्न उनीहरूको वर्तमान नीतिहरू, कानूनहरू, नियमहरू र कार्यान्वयन प्रक्रिया प्रभावकारी भएको सुनिश्चित गर्ने ।

आईएलओ महासन्धि नं. १६९, आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रमा भएका आदिवासीहरूको अधिकारलाई सम्बोधन गर्न सोअनुरुपको नीति, कार्ययोजना तथा संरचना राज्यले बनाई अवलम्बन गर्नुपर्दछ ।

**नीतिगत एकरुपताको सुनिश्चितता**

८.राज्यहरूले सरकारी विभागहरू, निकायहरू र अन्य सरकारी अंगहरू, जसले व्यापारिक गतिविधि वा आफ्नै विविध जिम्मेवारीहरू संचालन गर्दा उनीहरूलाई राज्यको मानवअधिकारप्रतिको दायित्व बोध गराउन जानकारी, सूचना, तालीम र सहयोग प्रदान गर्नुपर्छ ।

मानवअधिकार संरक्षण गर्न प्रष्ट नीति कानूनहरूको व्यवस्था गरी मानवअधिकारलाई बढावा दिने कार्य राज्यले गर्नु पर्दछ, जस्तो आदिवासी र स्थानीय समुदायको अधिकारलाई सुनिश्चित गर्न, सहभागिता, परामर्श, मञ्जुरी, मुआब्जा, क्षतिपूर्ति, लाभको बाँडफाँड आदि विषयमा प्रष्ट कानून र योजनाहरूको तर्जूमा गर्ने आदि ।

९. राज्यले अन्य राज्य र व्यापारिक संस्था वा निगमहरूसँग सन्धि वा सम्झौताहरू गरेर व्यापारी गतिविधिहरू गर्छ भने, अन्तर्राष्ट्रिय मानवअधिकारप्रतिको आफ्नो दायित्वहरू पूरा गर्नको लागि पर्याप्त मात्रामा राष्ट्रिय तहमा व्यापार सम्बन्धी नीतिहरू अवलम्बन गर्नुपर्छ ।

१०. राज्यहरू, जसले बहुराष्ट्रिय संगठनको सदस्यको रुपमा व्यापारिक गतिविधिहरू गर्छन्, ती राज्यहरूले निम्न उपायहरू गर्नुपर्ने हुन्छ:

क) ती निकायहरूले राज्यहरूको मानवअधिकार संरक्षणको दायित्व पूरा गर्ने क्षमतालाई सीमित तुल्याउने वा व्यापारिक निकायहरूलाई मानवअधिकार सम्मानमा बाधा नपुऱ्याउने कुराको सुनिश्चितता गरिनुपर्ने;

ख) ती निकायहरूलाई, उनीहरूको कार्यक्षेत्र र क्षमता अनुसार, व्यापारिक निकायहरूलाई मानवअधिकार सम्मान गराउन प्रोत्साहन गर्ने र अनुरोध गरेसम्म, व्यापारिक निकायहरूले मानव अधिकार उल्लंघन गरेमा त्यसको संरक्षणको दायित्व पूरा गराउनकका लागि राज्यहरूलाई सहयोग गर्ने, प्राविधिक सहयोग, क्षमता अभिवृद्धि र चेतना अभिवृद्धिका माध्यमबाट;

ग) यो निर्देशक सिद्धान्तहरूलाई व्यापार र मानवअधिकारप्रतिको साझा बुझाइलाई प्रवर्द्धन गर्ने र त्यसका चुनौतिहरूलाई व्यवस्थापन गर्न अन्तर्राष्ट्रिय सहकार्यलाई बढवा दिन प्रयोग गर्ने ।

# दोस्रो दिन

| सत्रको शीर्षक | सत्र : |
|---|---|
| **अघिल्लो दिनको सेशन पुनरावृत्ति** | **समयः १५ मिनेट** |

यस सत्रको उद्देश्यहरू : यो सत्रको अन्तमा सहभागीहरूले निम्न बमोजिमका कुराहरू गर्न तथा भन्न सक्षम हुनेछन्:

- अघिल्लो दिनको विषयवस्तु अर्थात् शीर्षकहरूमा पुनः स्मरण हुनेछ ।
- अघिल्लो दिनको शीर्षकहरूमा भएका कमीकमजोरीहरूमा सुझाव आउनेछ ।
- अघिल्लो दिनको शीर्षकहरूमा विश्लेषण गर्ने क्षमता विकास हुनेछ ।

विधि : लेक्चरेट, प्रश्नोत्तर, समूह कार्य, प्रस्तुतीकरण ।

सामग्री : ल्यापटप, स्लाइड ।

सिक्ने सिकाउने प्रक्रिया :

- क्रियाकलाप १: पुनरावृत्ति १५ मिनेट
- सबै सहभागीहरूको तर्फबाट सहभागीहरूबाटै अघिल्लो दिन १जना सहभागीलाई प्रतिवेदकको रुपमा छान्ने ।
- छानिएका सहभागीले सबै सहभागीको सल्लाह सुझाव लिई बनाएको प्रतिवेदन स्लाईड बनाई प्रस्तुत गर्न लगाउने ।
- प्रस्तुत गरिसकेपछि सो प्रतिवेदनउपर सहभागीहरूबाट सुझाव तथा सल्लाह लिने ।
- अन्तमा प्रतिवेदन र सुझावहरूलाई आधार मानी सहजकर्ताले संक्षेपीकरण गर्ने छ ।

**सत्रको शीर्षक** **सत्र : पहिलो**

**व्यापार र मानवअधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय निर्देशक**
**सिद्धान्तहरू (खम्बा २)** **समय: १ घण्टा ३० मिनेट**

यस सत्रको उद्देश्यहरू यो सत्रको अन्तमा सहभागीहरूले निम्न बमोजिमका कुराहरू भन्न तथा गर्न सक्षम हुनेछन्:

- व्यापार र मानवअधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्तहरूको खम्बा २ को सिद्धान्तहरूको बारेमा जानकारी राख्नेछन् र अरुलाई बुझाउन सक्षम हुनेछन् ।

विधि : लेक्चरेट, माथापच्चीसी, प्रश्नोत्तर, उदाहरणहरू, अनुभव आदानप्रदान ।

सामग्री : ल्यापटप, स्लाइड, मेटाकार्ड, चार्टपेपर, मार्कर, व्यापार र मानवअधिकारसँग सम्बन्धित सामग्रीहरू ।

**सिक्ने सिकाउने प्रक्रिया**

**क्रियाकलाप १: व्यापार र मानवअधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्तहरू (खम्बा २) बारे जानकारी गराउने** **समय: ३० मिनेट**

- व्यापारिक प्रतिष्ठानहरूले आफ्नो क्रियाकलापहरू संचालन गर्दा मानवअधिकारको सुनिश्चिततामा ध्यान दिएको छ कि छैन ? भनी सहभागीहरूलाई प्रश्न सोधी उनीहरूको अनुभव/भोगाई आदनप्रदान गर्न लगाउने ।
    - सहजकर्ताबाट व्यापार र मानवअधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्तहरूको खम्बा २ अन्तर्गतका १५ वटा सिद्धान्तहरूको तयारी सामग्री प्रस्तुत गर्ने । प्रस्तुतिपछि सहभागीहरूको जिज्ञासामाथि छलफल गर्ने ।

**क्रियाकलाप २: व्यापारिक प्रतिष्ठानमा मानवअधिकार संरक्षण नीति लागू भए नभएको बारे जानकारी लिने** **४५ मिनेट**

- बढीमा ७ जना र प्रत्येक समूहमा अनिवार्य महिला सहभागिता हुनेगरी समूह बनाउने र व्यापार र मानवअधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्तहरूको खम्बा २ अन्तर्गतका ११ वटा सिद्धान्तहरूको व्यापारिक प्रतिष्ठानमा कार्यान्वयन र व्यवस्था भएको छ छैन ? बुँदागत रुपमा छलफल गरी तयार गर्न लगाउने ।
- समूहबाट तयार गरिएका बुँदाहरू ठूलो समूहमा प्रस्तुत गर्न लगाउने । प्रस्तुत भएका बुँदाहरूमा अन्य समूहका सदस्यहरूबाट टिप्पणी गर्न लगाउने र टिप्पणीमा उठेका विषयहरूमाथि छलफल गरी निचोडमा पुग्ने ।

**क्रियाकलाप ३: प्रश्नोत्तर र संक्षेपीकरण** **१५ मिनेट**

- सहभागीहरूबाट भएको अनुभवको आदनप्रदान र जिज्ञासाहरूलाई समेटेर मानवअधिकार र व्यापारिक प्रतिष्ठानको सम्बन्धमा संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्तलाई संक्षेपमा बुझाउने ।
- अन्तमा सहभागीहरूका विषयवस्तुउपर अन्य केही प्रश्न भए स्पष्ट पार्ने ।

**सत्रको शीर्षक** **सत्र : दोस्रो**

**व्यापार र मानवअधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्तहरू (खम्बा ३)** **समय: १ घण्टा ३० मिनेट**

यस सत्रको उद्देश्यहरू यो सत्रको अन्तमा सहभागीहरूले निम्न बमोजिमका कुराहरू भन्न तथा गर्न सक्षम हुनेछन्:

- व्यापार र मानवअधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्तहरूको खम्बा ३ को सिद्धान्तहरूको बारेमा जानकारी राख्नेछन् र अरुलाई बुझाउन सक्षम हुनेछन् ।

विधि : लेक्चरेट, माथापच्चिसी, प्रश्नोत्तर, उदाहरणहरू, अनुभव आदानप्रदान ।

सामग्री : ल्यापटप, स्लाइड, मेटाकार्ड, चार्टपेपर, मार्कर, व्यापार र मानवअधिकारसँग सम्बन्धित सामग्रीहरू ।

**सिक्ने सिकाउने प्रक्रिया :**

**क्रियाकलाप १: व्यापार र मानवअधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्तहरू (खम्बा ३) बारे जानकारी गराउने** **३० मिनेट**

- व्यापारिक प्रतिष्ठानहरूले संचालन गर्ने क्रियाकलापहरूबाट मानवअधिकारमा नकारात्मक असर परेको खण्डमा सो को कानूनी उपचारका लागि राज्य तथा व्यापारिक प्रतिष्ठानहरूको तर्फबाट कुनै संयन्त्र छ कि छैन ? भनी सहभागीहरूलाई प्रश्न सोधी उनीहरूको अनुभव/भोगाई आदनप्रदान गर्न लगाउने ।
- सहजकर्ताबाट व्यापार र मानवअधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्तहरूको खम्बा ३ अन्तर्गतका ६ वटा सिद्धान्तहरूको तयारी सामग्री प्रस्तुत गर्ने । प्रस्तुतिपछि सहभागीहरूको जिज्ञासामाथि छलफल गर्ने ।

**क्रियाकलाप २: व्यापारिक प्रतिष्ठानमा मानवअधिकार संरक्षण नीति लागू भए नभएको बारे जानकारी लिने** **४५ मिनेट**

- बढीमा ७ जना र प्रत्येक समूहमा अनिवार्य महिला सहभागिता हुनेगरी समूह बनाउने र व्यापार र मानवअधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्तहरूको खम्बा ३ अन्तर्गतका ६ वटा सिद्धान्तहरूको व्यापारिक प्रतिष्ठानमा कार्यान्वयन र व्यवस्था भएको छ छैन ? बुँदागत रुपमा छलफल गरी तयार गर्न लगाउने ।
- समूहबाट तयार गरिएका बुँदाहरू ठूलो समूहमा प्रस्तुत गर्न लगाउने । प्रस्तुत भएको बुँदाहरूमा अन्य समूहका सदस्यहरूबाट टिप्पणी गर्न लगाउने र टिप्पणीमा उठेका विषयहरूमाथि छलफल गरी निचोडमा पुग्ने ।

**क्रियाकलाप ३: प्रश्नोत्तर र संक्षेपीकरण** **१५ मिनेट**

- सहभागीहरूबाट भएको अनुभवको आदनप्रदान र जिज्ञासाहरूलाई समेटेर मानवअधिकार र व्यापारिक प्रतिष्ठानको सम्बन्धमा संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्तलाई संक्षेपमा बुझाउने ।
- अन्तमा सहभागीहरूका विषयवस्तुउपर अन्य केही प्रश्न भए स्पष्ट पार्ने ।

**सत्रको शीर्षक** **सत्र: तेस्रो**

**उजूरी सुन्ने निकाय** **समय: १:३० मिनेट**

**यस सत्रको उद्देश्यहरू:यो सत्रको अन्तमा सहभागीहरूले निम्न बमोजिमका कुराहरू गर्न तथा भन्न सक्षम हुनेछन्:**

- अधिकार उल्लंघन भएका खण्डमा के कसरी उपचार प्राप्त गर्न सकिन्छ भन्ने अरुलाई बुझाउन सक्नेछन् ।
- अधिकार उल्लंघन भएको खण्डमा उपचारका लागि आवश्यक उपचारको निकाय तथा प्रक्रियाहरूको बारेमा भन्न सक्नेछन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उपचारका विधिहरू:
- स्थानीय निकायहरू
- राष्ट्रिय मानवअधिकार आयोग
- अदालत
- आर्थिक विकास र सहकार्य सम्बन्धी संगठनको राष्ट्रिय सम्पर्क केन्द्रका लागि (Organization for Economic cooperation Development National contact point - OECD nation contact point)
- संयुक्त राष्ट्रसंघीय विश्वव्यापी संझौता (UN Global Compact)

- आर्थिक लगानीकर्ताहरूको उजूरी सुन्ने निकायहरू - जस्तै Inspection Panel, CAO
- संयुक्त राष्ट्रसंघीय संयन्त्र/विधि जस्तै Charter based and treaty based mechanism

विधि: लेक्चरेट, माथापच्चीसी, प्रश्नोत्तर, उदाहरणहरू, घटना अध्ययन, समूह कार्य,अनुभव आदनप्रदान

सामग्री: ल्यापटप, स्लाइड, मेटाकार्ड, चार्टपेपर, मार्कर, आदिवासीहरूको अधिकार उल्लंघन विरुद्ध अपनाइने विधि/संरचना सम्बन्धी सामग्रीहरू ।

सिक्ने सिकाउने प्रक्रिया:

**क्रियाकलाप १: उल्लंघन भएका अधिकारहरू के कसरी उपचार प्राप्त गर्न सकिन्छ भन्ने बुझाउने** **२५ मिनेट**

- कम्पनी, उद्योग, निगम, आदिले आफ्नो कार्य गर्दा अधिकारहरू उल्लंघन भएको खण्डमा कसरी उजूरी दिई उपचार प्राप्त गर्न सकिन्छ भनी प्रश्न गर्ने र अनुभवहरू आदनप्रदान गर्न लगाउने । आएका उत्तरको सम्बन्धमा छलफल चलाउने ।
- अधिकार उल्लंघनको भएको खण्डमा कहाँ के कसरी कहाँ कहाँ उजूर गरी उपचार प्राप्त गर्न सकिन्छ भन्ने सम्बन्धमा तयारी सामग्री उदाहरणसहित प्रस्तुत गर्ने ।

**क्रियाकलाप २: अधिकार उल्लंघन भएको खण्डमा उपचारका लागि आवश्यक उपचारको निकाय तथा प्रक्रियाहरूको सम्बन्धमा बुझाउने** **५५ मिनेट**

- सहभागीहरूलाई चार समूहमा विभाजन गर्ने र आदिवासीहरूको अधिकार उल्लंघन भएको

खण्डमा कहाँ-कहाँ उजूरी गर्न सकिन्छ भन्ने सम्बन्धमा बुझाउन तयारी दुईवटा घटना अध्ययन दिने र अध्ययन गर्न लगाउने (५ मिनेट)।

- अध्ययनपश्चात् घटना अध्ययनको आधारमा कहाँ-कहाँ कसरी उपचारको विधि र संरचनाहरू प्रयोग गर्न सकिन्छ भनी समूह कार्य गर्न लगाउने। (२० मिनेट)।
- समूहले पत्ता लगाएका समूह कार्य प्रस्तुत गर्न लगाउने। (२० मिनेट) र एक अर्कामा सुझाव र टिप्पणी गर्न लगाउने।
- आएका बुँदा, टिप्पणी तथा सुझावहरूको विषयमा छलफल चलाउने।

**क्रियाकलाप ३: प्रश्नोत्तर र संक्षेपीकरण** **१५ मिनेट**

- अन्तमा सहभागीहरूलाई विषयवस्तुप्रति केही प्रश्न भए सोध्ने र विषयवस्तुको संक्षेपीकरण गर्ने।

## सत्रको शीर्षक — सत्र: चौथो

**घटना दस्तावेजीकरण** — **समय: १:३० मिनेट**

यस सत्रको उद्देश्यहरू:

यो सत्रको अन्तमा सहभागीहरूले निम्न बमोजिमका कुराहरू गर्न तथा भन्न सक्षम हुनेछन्:

- मानवअधिकार हनन बारे बुझ्न सक्नेछन् ।
- मानवअधिकार हननका घटनाहरू दस्तावेजीकरण गर्न सक्नेछन् ।

विधि : समूह कार्य, घटना अध्ययन, प्रस्तुति, प्रश्नोत्तर र डकुमेन्ट्री

सामग्री : घटना अध्ययन, स्लाईड, डकुमेन्ट्री, न्यूजप्रिन्ट, मार्कर आदि ।

सिक्ने सिकाउने प्रक्रिया:

क्रियाकलाप १: मानवअधिकार हननका घटनाहरू दस्तावेजीकरण बारे बुझाउने

- सहभागीहरूलाई मानवअधिकार हननको दस्तावेजीकरण भन्नाले के बुझ्नु हुन्छ भनी प्रश्न गर्ने र आएका उत्तरहरूलाई टिपोट गरी पढेर सुनाउने ।
- आएका उत्तरहरूसँग सम्बन्धित रही छलफल चलाउने र दस्तावेजीकरणको अवधारणा बारे जानकारी दिने ।

**क्रियाकलाप २: कुन अधिकार हनन भएको दस्तावेजीकरण गर्न लगाउने** — **४० मिनेट**

- अग्रीम रुपमा तयार गरिएको घटना अध्ययन दिई सहभागीहरूलाई चार समूहमा विभाजन गरी केही समय समूह कार्य गर्न लगाउने ।
- प्रत्यके समूहले घटना अध्ययनलाई राम्ररी पढी त्यसको आधारमा दस्तावेजीकरण गर्न लगाउने ।
- समूहले तयार पारेका दस्तावेजलाई ठूलो समूहमा प्रस्तुत गर्न लगाउने र केही समय छलफल चलाउने ।
- केही समय छलफल चलाएपछि दस्तावेजीकरणका लागि तयार पारिएको खाका प्रस्तुत गरी त्यो खाका अनुसारको भयो भएन हेर्ने र पुन: छलफल चलाउने र बुझाउने ।

**क्रियाकलाप ३: संक्षेपीकरण** — **१० मिनेट**

- सहभागीहरूसंग गरिएको छलफलको आधारमा सही र संक्षिप्त रुपमा दस्तावेजीकरण के, कसरी र यसको बारे सहजकर्ताले सटिक रुपमा संक्षेपीकरण गर्ने ।
- अन्तमा सहभागीहरूका केही प्रश्न भए स्पष्ट पार्ने ।

# तालीम सामग्रीहरू

# पहिलो सत्र

**व्यापार र मानवअधिकारको सम्बन्धमा संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्तहरू (खम्बा २)**
यस खम्बा अन्तर्गत व्यापारिक संस्थाहरूले मानवअधिकारको सम्मान गर्नपर्ने सिद्धान्तहरूको व्यवस्था गरिएको छ। यस सिद्धान्त अन्तर्गत मानवअधिकारको सम्मानमा व्यापारिक संस्थाहरूले गर्नपर्ने आधिकारिक रुपमा दायित्वहरू तोकिदिएको छ, जस अन्तर्गत ११ देखि २४ सम्मका सिद्धान्तहरू पर्दछन्।

**२. मानवअधिकार सम्मानमा व्यापारिक संस्थाहरूको उत्तरदायित्व**

**क. मौलिक सिद्धान्तहरू**

११.व्यापारिक निकायहरूले मानवअधिकारको सम्मान गर्नुपर्छ। यसको अर्थ उनीहरूले अरुको मानवअधिकार उल्लंघनबाट बच्नुपर्छ र उनीहरू संलग्न क्रियाकलापहरूबाट हुने मानवअधिकारप्रतिको नकारात्मक प्रभावको सम्बोधन गर्नुपर्छ।

१२. व्यापारिक निकायहरूको मानवअधिकार सम्मानको दायित्व अन्तर्गत अन्तर्राष्ट्रिय स्तरमै मान्यता प्राप्त मानवअधिकार पर्दछ-जुन अधिकार अन्तर्राष्ट्रिय मानवअधिकारको दस्तावेज र सिद्धान्तहरूमा दस्तावेजी गरिएको मौलिक अधिकारहरू, जुन अन्तर्राष्ट्रिय श्रम संगठनको मौलिक सिद्धान्त र श्रमिकका अधिकार सम्बन्धी विभिन्न घोषणपत्रहरू सम्झनुपर्दछ।

आदिवासीले आफ्नै भाषामा सूचना प्राप्त गर्ने मानवअधिकारको सम्मान गर्दै पान्थर र ताप्लेजुङ जिल्लामा रहेको कावेली खोलामा संचालित कावेली बी हाईड्रोपावरले आदिवासीको विभिन्न भाषामा परियोजना सम्वन्धी सूचनाहरू प्रकाशित गर्ने गरेको छ।

१३. व्यापारिक निकायहरूले मानवअधिकार सम्मानको दायित्व पूरा गर्न:

क) उनीहरूको आफ्नो क्रियाकलापहरूबाट मानवअधिकारमा पर्नसक्ने नकारात्मक असरको कारण र योगदानबाट टाढा रहने र त्यस प्रकारका असरहरू पुगेमा त्यसको सम्बोधन गर्ने,

ख) उनीहरूको व्यापारिक सम्बन्धबाट संचालन, उत्पादनहरू तथा सेवाहरूबाट पर्नसक्ने मानवअधिकारप्रतिको नकारात्मक प्रभावहरूलाई रोकथाम वा कम, यदि तिनीहरूले त्यस प्रकारका प्रभावहरू बढाउनमा योगदान नगरेको भए तापनि, गर्ने उपायहरूको खोजी गर्ने।

१४. व्यापारिक संस्थाहरू चाहे त्यो ठूलो वा सानो होस्, जुनसुकै क्षेत्रको होस्, जस्तोसुकै अवस्थमा कार्यरत होस्, जोसुकैको स्वामित्व होस् वा जस्तोसुकै संरचनाको होस् सबैखाले व्यापारिक संस्थाहरूले मानवअधिकारको सम्मान गर्ने जिम्मेवारी बहन गर्नुपर्छ। तथापि परिस्थिति र व्यापारिक संस्थाको आकारले मानवअधिकारप्रति प्रतिकूल असर कम वा बढी पुग्ने भने हुनसक्छ।

१५. व्यापारिक संस्थाहरूले मानवअधिकारको सम्मान गर्ने दायित्व पूरा गर्न, आकार र अवस्था अनुसार ती संस्थाहरूसँग नीतिहरू हुनुपर्छ र उचित प्रक्रियाहरू अवलम्बन गरेको हुनुपर्छ। साथै,

मोरङ्ग जिल्ला, सोह्रभागा गा.वि.स. वडा नं. ९ मा मिति. २०६८ सालमा उद्योग दर्ता भई रंग फ्याक्टरी खोल्ने भनी स्थानीयलाई झुक्याई संरचना निर्माण गरी कुखुरापालन संचालन गरिएको थियो। यो विराट पोल्ट्रीफर्मले अण्डा उत्पादन गर्न १,०२,६४८ कुखुरा पालन गरी पुन: उद्योग विस्थार गर्न लागेको थियो। यो फर्म मानववस्तीबीचमा रहेको र यसबाट निस्कने अत्यधिक दुर्गन्ध, झिंगा र विषादीको प्रयोगको कारण वातावरणमा नकारात्मक प्रभाव पारेको हुँदा सोह्रभागा, दरवेशाहा, वनीया गा.वि.स. र रंगेली नगरपालिकाका बासिन्दाहरू विस्थापनको अवस्थामा पुगेको हुँदा स्थानीय पीडित, उद्योग कार्यालय, मोरङ र फर्मका प्रतिनिधिहरूबीच मिति २०७४ वैशाखमा उक्त फर्म सो क्षेत्रबाट स्थानान्तरण गर्ने भनी सम्झौता भएको छ।

क) मानवअधिकारको सम्मान गर्ने जिम्मेवारी बहन गर्न नीतिगत प्रतिवद्धता जनाएको हुनुपर्छ।
ख) मानवअधिकारको न्यायोचित प्रक्रियाहरू विशेषगरी मानवअधिकारमाथि प्रतिकूल असर पार्ने तत्वलाई पत्ता लगाउन, असर हुन नदिन र असर भए कम गर्ने उपाय अवलम्बन गरेको हुनुपर्छ।
ग) मानवअधिकारमाथि भएको असर वा योगदान गर्ने कारक तत्वलाई सम्बोधन गर्ने प्रक्रियाहरू स्थापना गर्नुपर्ने हुन्छ।

**ख) कार्यविधि सिद्धान्त**

**नीतिगत प्रतिवद्धता**

१६. व्यापारिक संस्थाहरूले मानवअधिकारलाई सम्मान गर्ने जिम्मेवारी नीति पारित गरेर प्रतिवद्धता जनाउनुपर्छ। जुन नीति-

क) व्यापारिक संस्थाका उच्चपदस्थहरूले पारित गरेको हुनुपर्दछ;
ख) यो आन्तरिक र/वा बाह्य सम्बन्धित विज्ञहरूको संलग्नतामा बनेको हुनुपर्छ;
ग) व्यापारिक संस्थाले निजी, व्यापारिक साझेदार र अन्य व्यक्ति जो गतिविधिमा, उत्पादन र सेवा प्रदानमा संलग्न छन् र ती सबैले मानवअधिकारको सम्मान गर्दछन् भन्ने अपेक्षा गर्नुपर्छ;
घ) नीतिहरू सार्वजानीकरण गर्नुपर्छ साथै आन्तरिक र बाह्यरुपमा निजी, व्यापारिक साझेदार र अन्य व्यक्ति सबैलाई थाहा हुनेगरी यथेष्ट सूचना प्रदान गरिनुपर्छ;
ङ) यो नीति व्यापारिक संस्थाको कार्यविधि नीति तथा प्रक्रियामा समावेश भएको हुनुपर्छ।

**मानवअधिकारको यथोचित प्रक्रिया** (Human Rights Due Diligence)

१७. व्यापारिक निकायहरूले मानवअधिकारप्रतिको नकारात्कम प्रभाव सम्बोधन

प्रतिकूल असर भएको पत्ता लगाउन, हुन नदिनु, कम गर्न र असर पुगेमा त्यसको सम्बोधन गर्न न्यायोचित ध्यान पुऱ्याउनु पर्छ। प्रक्रिया अन्तर्गत मानवअधिकारमाथि परेको वास्तविक र सम्भावित असरको बारेमा अध्ययन, त्यसको निष्कर्ष, मानवअधिकार हननको विषयमा आएका प्रतिक्रियाहरूलाई

उचित सूचना दिएर सम्बोधन गरिने आदि पर्दछ। मानवअधिकारप्रति न्यायोचित ध्यान अन्तर्गत-

क) व्यापारिक संस्थाहरूले आफ्नो व्यापारिक गतिविधि, कारोबार, उत्पादन र सेवा प्रदान गर्दा वा अन्य कारोबार गर्दै गर्दा मानवअधिकारप्रतिको प्रतिकूल असरलाई ध्यान पुऱ्याउनुपर्छ।

ख) व्यापारिक संस्थाको आकार, गतिविधि र प्रकृति अनुसार मानवअधिकारप्रति पर्ने असर फरक पर्दछ।

ग) मानवअधिकारमाथि पर्नसक्ने खतरा समयको परिवर्तन, व्यापारिक गतिविधि र कारोबारको अवस्थासँगै फरक पर्छ। त्यसैले मानवअधिकारको बारेमा निरन्तर रुपमा मूल्यांकन गरिनुपर्छ।

१८. मानवअधिकारको जोखिमलाई मापन गर्न, व्यापारिक गतिविधि वा व्यापारिक कारोबारको सम्बन्धको आधारमा व्यापारिक संस्थाहरूले मानवअधिकारप्रति वास्तविक वा सम्भावित प्रतिकूल असरलाई पहिचान गर्नुपर्छ। यो प्रक्रियाले-

क) भित्रका वा स्वेच्छिक रुपमा संस्था बाहिरका मानवअधिकार विज्ञहरूलाई संलग्न गराउनुपर्छ।

ख) व्यापारिक गतिविधि, व्यापारको प्रकृति र अवस्था अनुसार व्यापारिक संस्थाहरूले पीडित र अन्य सरोकारवालाहरूलाई अर्थपूर्ण सहभागिता गराई परामर्श गर्नुपर्छ।

१९.मानवअधिकारप्रति पर्ने नकारात्मक असर हुन नदिन र निर्मूल पार्न व्यापारिक संस्थाहरूले आफ्नो अध्ययनको निष्कर्षलाई आफ्नो आन्तरिक कार्य र प्रक्रियाहरूमा संलग्न गर्नुपर्छ र आवश्यक उपायहरू अवलम्बन गर्नुपर्छ।

क) प्रभावकारी सामानजस्यतालाई के आवश्यक पर्दछ भने-

अ) व्यापारिक संस्थाहरूको उचित तह र कार्यहरूमा असरहरूलाई सम्बोधन गर्ने जिम्मेवारी वहन गर्नुपर्दछ।

आ) आन्तरिक निर्णय गर्ने, बजेट बाँडफाँड र अन्य प्रक्रियाहरूले मानवअधिकारप्रति परेको असरलाई प्रभावकारी रुपमा सम्बोधन गर्न सहयोग गर्दछ।

ख) उपयुक्त कार्य फरक-फरक हुन सक्छ, जस्तै

अ) व्यापारिक संस्थाले यसको कारोबार, उत्पादन, वा सुविधा प्रदान गर्दा वा कारोबारसम्बन्धी सम्बन्ध बढाउँदा मानवअधिकारमा योगदान गरेको छ या कारक बनेको छ। त्यसले उचित कार्यको निर्धारण गर्दछ।

आ) प्रतिकूल असरलाई सम्बोधन गर्ने उपायमा पनि भर पर्छ।

२०. मानवअधिकारमाथि परेका प्रतिकूल असर सम्बोधन भयो कि भएन भनेर जाँच्न, व्यापारिक संस्थाहरूले प्रतिक्रियाहरू लिने प्रक्रियालाई प्रभावकारी बनाउनु पर्दछ। त्यो जाँच्न व्यापारिक संस्थाहरूले विशेषत:

क) उचित वर्णनात्मक तथा तथ्यांकात्मक सूचाकांकहरूको आधारमा गर्नुपर्छ;

ख) आन्तरिक र बाह्य स्रोतका साथै पीडित सरोकारवालाहरूबाट प्रतिक्रियाहरू लिने गर्नुपर्छ।

२१. मानवअधिकारप्रतिको नकारात्मक असर बारेमा कसरी सम्बोधन गरियो भन्ने बारेमा बुझ्न, व्यापारिक संस्थाहरूले पीडितहरूले सरोकारहरू उठाउँदा र संस्थाको बारेमा जानकारी दिनको लागि तयार हुनुपर्छ। व्यापारिक संस्थाका कारोबारले वा कारोबार गर्ने प्रकृति र अवस्थाले मानवअधिकारप्रति प्रतिकूल असर पुग्नसक्ने बारेमा औपचारिक रुपमा प्रतिवेदन तयार गर्नुपर्दछ र त्यसको सम्बोधनका लागि लाग्नुपर्दछ। सबै अवस्थामा संचार-

क) सबै सरोकारवालाहरूको पहुँच हुनसक्ने, मानवअधिकारप्रति पर्नसक्ने असरको मात्राको बारेमा उल्लिखित जानकारी हुनुपर्दछ।

ख) मानवअधिकार हननलाई मूल्यांकन गर्न र त्यसको सम्बोधन गर्नको लागि पर्याप्त सूचना प्रदान गरिनुपर्छ।

ग) आर्थिक गोपनीयता कायम गर्दा त्यस्ता सूचनाले व्यक्ति र सरोकारवालाहरूलाई जोखिममा पार्नसक्ने हुनुहुँदैन।

**उपचारको विधि**

२२. यदि कुनै व्यापारिक संस्थाहरूले प्रतिकूल असर पुऱ्याए वा पुऱ्याउन योगदान दिएको पहिचान भएमा, तिनले ती असरहरूको सम्बोधनका लागि सहकार्य गर्ने र उपचारका लागि विभिन्न वैधानिक प्रक्रियाहरू अवलम्बन गर्नुपर्दछ।

**परिस्थितिजन्य सवालहरू**

२३. हरेक परिस्थितिहरूमा व्यापारिक निकायहरूले गर्नुपर्दछ,

क) विद्यमान कानूनलाई मान्ने र जुनसुकै क्षेत्रमा कार्यरत भए तापनि अन्तर्राष्ट्रिय रुपमा मान्यता प्राप्त मानवअधिकारको सम्मान गर्ने;

ख) द्वन्द्वको अवस्थामा अन्तर्राष्ट्रिय रुपमा मान्यता प्राप्त मानवअधिकारका सिद्धान्तहरूलाई सम्मान गर्ने उपायहरू अवलम्बन गर्ने;

ग) जहाँ संचालन भएको भए तापनि मानवअधिकारको उल्लंघनको कारक बन्ने वा योगदान पुऱ्याउने खतरा भएको अवस्थामा कानूनी उपचारको माध्यम अपनाउने।

२४. कुनै वास्तविक वा सम्भावित मानवअधिकारप्रति परेको प्रतिकूल असरलाई प्राथमिकता दिएर सम्बोधन गर्नुपरेमा व्यापारिक संस्थाले सबैभन्दा पहिला त्यस्तो असर हुन नदिने र भएमा न्यूनीकरण गर्ने काम गर्नुपर्दछ। त्यसो गर्न ढिलाई भएमा उपचार पाउन कठीन बन्न सक्दछ।

# दोस्रो सत्र

**व्यापार र मानवअधिकारको सम्बन्धमा संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्तहरू (खम्बा ३)**
यस खम्बा अन्तर्गत मानवअधिकारको संरक्षण र सम्मानका लागि न्यायमा पहुँचको व्यवस्था गरिएको छ। व्यापारिक क्रियाकलापबाट मानवअधिकार उल्लंघनको सन्दर्भमा कसरी मानवअधिकारलाई सम्बोधन गर्न सकिन्छ। अर्थात् मानवअधिकार सम्बोधनका लागि कसरी न्यायिक र उपयुक्त उपचारको बाटाहरू अपनउनु पर्दछ र यसमा व्यापारिक संस्था साथै सरकारले समेत कसरी दायित्व पूरा गर्नुपर्दछ भन्ने २५ देखि ३१ सम्म विभिन्न ७ वटा सिद्धान्तहरू रहेका छन्।

**३. उपचारमा पहुँच**

**क. आधारभूत सिद्धान्तहरू**

२५. व्यापारसँग सम्बन्धित मानवअधिकार हननउपर संरक्षणको दायित्व अन्तर्गत राज्यले उचित कदमहरू चाल्नुपर्दछ। न्यायिक, प्रशासनिक, कानूनी वा अन्य उपयुक्त विधि अपनाउनु पर्दछ। जब त्यस्तो मानवअधिकार हननको घटना आफ्नो सीमा वा कार्यक्षेत्रभित्र घट्न पुग्छ। त्यो घटनाका पीडितहरूले प्रभावकारी उपचारको संयन्त्रहरूमा पहुँच पाउनुपर्दछ।

**ख. कार्यविधि सिद्धान्त**

**राज्य नियन्त्रित न्यायिक संयन्त्रहरू**

२६.व्यापार सम्बन्धी मानवअधिकार हननलाई सम्बोधन गर्ने प्रभावकारी आन्तरिक न्यायिक संयन्त्रको सुनिश्चितता राज्यले गर्नुपर्दछ। साथै कनूनी, व्यावहारिक र अन्य जटिलतालाई कम गर्न राज्यले उपयुक्त कदमहरू चाल्नुपर्दछ। किनभने त्यस्ता जटिलताले उपचारमा पहुँच पाउनबाट वन्चित गर्न सक्दछ।

**राज्यमा आधारित गैरन्यायिक उपचार पाउने वा उजूरी गर्ने संयन्त्र**

२७. राज्यले व्यापारसँग सम्बन्धित मानवअधिकार हननउपर उपचार दिलाउन न्यायिक संयन्त्रका साथै प्रभावकारी र उपयुक्त गैरन्यायिक उपचारको संयन्त्रहरू खडा गर्नुपर्दछ।

**गैरराज्य आधारित उपचार संयन्त्रहरू**

२८.राज्यले व्यापारसँग सम्बन्धित मानवअधिकारप्रति परेको प्रतिकूल असरलाई सम्बोधन गर्न र पीडितहरूले विभिन्न गैरराज्यमा आधारित उपचारका संयन्त्रमा पहुँच पुऱ्याउनको लागि विभिन्न उपायहरू अवलम्बन गर्नसक्ने बारेमा ध्यान पुऱ्याउनुपर्छ।

२९. गुनासाहरू समयमै र प्रत्यक्ष रुपमा सम्बोधन सम्भव तुल्याउन, व्यापारिक निकायहरूले प्रभावित व्यक्तिहरू तथा समुदायहरूको गुनासा सुन्न कार्यान्वयन तहमा प्रभावकारी गुनासा सुन्ने संयन्त्र निर्माण तथा त्यसमा सहभागिता जनाउनु पर्दछ।

३०. मानवअधिकार सम्मानको मापदण्डमा आधारित भएर स्थापना भएका उद्योग, सरोकारवालाहरू र अन्य सहकार्यका प्रयासहरूले प्रभावकारी गुनासा सुन्ने संयन्त्र भएको सुनिश्चित गर्नुपर्दछ ।

**गैरन्यायिक गुनासो सुन्ने संयन्त्रको लागि प्रभावकारी मापदण्ड**

३१. प्रभावकारी गैरन्यायिक गुनासो सुन्ने संयन्त्रको सुनिश्चितताका लागि राज्य सम्बन्धित र गैरराज्य सम्बन्धित निकायहरूले निम्न काम गर्नुपर्छः

(**क**) **वैधानिकः** जसको प्रयोगका लागि लक्षित हो, ती सरोकारवाला समूहहरूको विश्वास हासिल गर्ने, र निष्पक्ष गुनासो सुनुवाई प्रक्रियाप्रति उत्तरदायी हुने;

(**ख**) **पहुँचः** जुन सरोकारवाला समूहहरूको प्रयोगका लागि लक्षित हो । उनीहरू सबैले जानकारी पाउनु पर्ने र जसले पहुँचमा कठिनाई भोगिरहेका छन्, उनीहरूलाई पर्याप्त सहायत प्रदान गर्ने;

(**ग**) **अनुमानः** प्रत्येक चरणहरूको समय सीमा किटान गरी स्पष्ट र बुझ्नसकिने प्रक्रियाको व्यवस्था गरिनु पर्ने र प्रक्रियाको प्रकार, परिणाम र अनुगमन कार्यान्वयन साधन बारे स्पष्टता हुनुपर्ने;

(**घ**) **समतामूलकः** पीडित पक्षहरूको सूचनाको स्रोतहरूमा उचित पहुँचको सुनिश्चितताको खोजी गरिनुपर्ने, निष्पक्ष, जानकारीसहित र सम्मानपूर्वक गुनासो सुन्ने प्रक्रियामा संलग्नताका लागि सल्लाह र विज्ञताको सुनिश्चित गरिनुपर्ने;

(**ङ**) **पारदर्शिः** गुनासो सुन्ने संयन्त्रका बारे पक्षहरूलाई सुसूचित गरिनुपर्ने, र

खिम्ती ढल्केवर २२० के.भी.प्रसारण लाईन परियोजनाबाट दोलखा, रामेछाप, सिन्धुली, महोत्तरी र धनुषा गरी ५ जिल्लाका विभिन्न गा.वि.स. र न.पा.लाई प्रभावित बनाएको थियो । विना सूचना र परामर्श समेत नगरी सर्वेक्षणसमेत नभएको मानववस्तीबाट विद्युत प्रसारणको काम थालिएको हुँदा उक्त प्रसारणलाईन पहिले सर्वेक्षण गरिएको अन्य ठाउँबाट लैजानुपर्ने भनी सिन्धुली जिल्लाको कमलामाई न.पा. का स्थानीयले शान्तिपूर्ण विरोध गरेका थिए । शान्तिपूर्ण विरोधको बावजूद प्रसारणलाईनको काम जबर्जस्ती अगाडि बढाइएको हुँदा मिति २०६९ पौषमा सर्वोच्च अदालतमा रीट दायर गरेको र विश्व बैंकको लगानीमा परियोजना संचालन भएको हुँदा विश्व बैंकको उजूरी सुन्ने निकाय (inspection panel) मा उजूरी दर्ता गराएको । यसको साथै मानवअधिकार आयोगमा समेत निवेदन दर्ता गरी मध्यस्थता गरिदिन आग्रह गरिएको थियो ।

परियोजनाले काम थाल्दा स्थानीयलाई अर्थपूर्ण परामर्श र सूचना नदिएको भनी Inspection Panel ले सन् २०१६ मा आफ्नो रिपोर्ट सार्वजनिक गरेको ।

विद्युततार र पोलको दायाँ बायाँ १५/१५ मिटरभित्र पर्ने घरको क्षतिपूर्ति र शतप्रतिशत चलनचल्तीको मूल्यमा जग्गाको मुआब्जा दिएको ।

स्थानीयहरूको बाँकी रहेको सवाल सम्बोधन गर्न स्थानीय र विद्युत प्राधिकरणलाई सहजीकरण गर्न सन् २०१७ मा विज्ञ नियुक्ति गरी काम थालिएको ।

संयन्त्र स्वयंको कामको प्रभावकारितामा विश्वसनीयता बढाउन र सार्वजनिक सरोकारहरू सम्बोधनका लागि संयन्त्रका बारे पर्याप्त सूचना प्रदान गर्ने;

(**च**) **अधिकारसँग मेल खाने**: परिणाम र उपचारहरू अन्तर्राष्ट्रिय स्तर मान्यता प्राप्त मानवअधिकारसँग मेलखाने किसिमको हुनुपर्ने;

(छ) **नियमित सिकाइको स्रोत**: संयन्त्रको सुधार र भविष्यमा हुनसक्ने गुनासो र हानि रोकथामका लागि उचित सिकाई पत्ता लगाउने आवश्यक मापदण्ड तयार गर्ने ।

**कार्यान्वयन तहको संयन्त्र यस्तो हुनुपर्छ**:

(**ज**) **सहभागिता र वार्तामा आधारित**: जुन सरोकारवाला समूहहरूको प्रयोगको अपेक्षा गरिएको छ उनीहरूसँग योजना तथा कार्यान्वयनको तहमै परामर्श गरिनुपर्छ, र गुनासोहरूको सम्बोधन र समाधानका लागि वार्तामा केन्द्रीत हुनुपर्छ ।

# तेस्रो सत्र

**उपचारका बाटाहरू** (Complaint Mechanism)

मानवअधिकारको हनन भएमा त्यसको उपचारका विभिन्न संयन्त्रहरू रहेका छन् । ती संयन्त्रहरू विशेषगरी दुई प्रकारका छन् । (क) राष्ट्रिय (ख) अन्तर्राष्ट्रिय संयन्त्रहरू

(क) राष्ट्रिय

- न्यायिक निकायहरू (नेपालको सन्दर्भमा जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालत तथा स्थानीय निकायको न्यायिक, मध्यस्थता वा मेलमिलापसम्बन्धी कार्यक्षेत्र आदि)
- अर्धन्यायिक निकायहरू (भूमि सुधार, मालपोत, जिल्ला प्रशासन कार्यालय आदि)
- माथि उल्लिखित बाहेकका संवैधानिक रुपमा सृजित उजूरी सुन्ने अन्य निकायहरू जस्तै मानवअधिकार आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग आदि ।

**(ख) अन्तर्राष्ट्रिय संयन्त्रहरू**

अन्तर्राष्ट्रिय मानवअधिकारका कानून, वित्तीय संस्थाहरूको सुरक्षा नीतिहरूको उल्लंघन वा पालना नगरिएको कारणले पीडित बन्न पुगेका व्यक्ति तथा समुदायले सम्बन्धित उजूरी सुन्ने वा अनुगमन गर्ने समितिमा उजूरी लैजान सक्दछन् । ती अन्तर्राष्ट्रिय उजूरी सुन्ने निकायहरू कुनै संयुक्त राष्ट्रसंघ अन्तर्गतका, कुनै अन्तर्राष्ट्रिय श्रम संगठन अन्तर्गतका र कुनै छुट्टै वित्तीय संस्था अन्तर्गतका छन् ।

संयुक्त राष्ट्रसंघीय संयन्त्र/विधि जस्तै Charter based and treaty based mechanism

मानवअधिकार तथा कानूनी अधिकारको उल्लंघनमा विभिन्न संयन्त्रहरूमार्फत उपचार प्राप्त गर्न सकिन्छ । यसलाई दुई प्रकारमा विभाजन गर्न सकिन्छ ।

**बडापत्रमा आधारित संयन्त्रहरू**

Charter based - UPR, Human Rights Council, Special Procedure (Thematic and Country specific)

**विशेष समाधीक्षक**

मानवअधिकार परिषद् अन्तर्गतका विभिन्न संयन्त्रहरूमध्ये विशेष समाधीक्षकहरूलाई पनि मानवअधिकार हननका विषयमा उजूरी पठाउन सकिन्छ । भिन्न-भिन्न विषय हेर्ने ४४ वटा र कुनै एक देशको विषय हेर्ने १२ विशेष समाधीक्षकहरू छन् । व्यापारिक गतिविधिहरूले आदिवासी वा स्थानीय समुदायको मानवअधिकार उल्लंघन भएमा कुन-कुन मानवअधिकार उल्लंघन भएका छन्, ती विषय हेर्ने समाधीक्षकहरूकहाँ उजूरी पठाउन सकिन्छ । तल उल्लिखित समाधीक्षकहरू सान्दर्भिक हुन सक्दछन् ।

(१) आदिवासीहरूको मानवअधिकार हेर्ने विशेष समाधीक्षक, विक्कि ताउली कर्पोज,
(२) साँस्कृतिक अधिकार हेर्ने विशेष समाधीक्षक, सुश्री करिमा विनोन,
(३) अधिकारमुखी विकास हेर्ने विशेष समाधीक्षक, श्री साद अलफरागी,
(४) शिक्षाको अधिकार हेर्ने विशेष समाधीक्षक, सुश्री कोम्बाङ वोली वेरी,
(५) सुरक्षित, सफा, स्वस्थ्य र वातावरण सम्बन्धी मानवअधिकार दायित्व हेर्ने विशेष समाधीक्षक, श्री जोन एच नक्स,
(६) खाद्य अधिकार हेर्ने विशेष समाधीक्षक, सुश्री हिलाल एलमर,
(७) मानवअधिकार प्रतिरक्षक सम्बन्धी विशेष समाधीक्षक, श्री माइकल फोर्ष्ट,
(८) आन्तरिक विस्थापन हेर्ने विशेष समाधीक्षक, श्री सिसिलिया जिमनेज,
(९) वृद्धवृद्धाले सबै मानवअधिकार उपभोग गरेको विषय हेर्ने विशेष समाधीक्षक ।

विशेष समाधीक्षकहरूलाई सरल तरिकाले उजूरी गर्न सकिन्छ । कुनै यस्तै ढाँचा हुनुपर्दछ भन्ने छैन । यद्यपि सूचना विश्वसनीय हुनुपर्दछ ।

**सन्धिमा आधारित संयन्त्रहरू** Treaty based bodies

मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानूनहरूले सम्बन्धित कानूनका प्रावधानको कार्यान्वयनलाई अनुगमन गर्ने नेपालको सन्दर्भमा लागू हुने संयन्त्रहरू निम्न प्रकारका छन्-

(१) सबै प्रकारको जातीय विभेद् उन्मूलन अनुगमन समिति,
(२) नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्ध अनुगमन संयन्त्र-मानव अधिकार समिति,
(३) आर्थिक, साँस्कृतिक, समाजिक अधिकार सम्बन्धी अनुगमन समिति,
(४) महिला विरुद्ध हुने सबै प्रकारको विभेद् उन्मूलन अनुगमन समिति,
(५) यातना विरुद्ध अनुगमन समिति,
(६) बालअधिकार सम्बन्धी समिति,
(७) आप्रवासी कामदार तथा उनीहरूको कामदार समिति,
(८) अपांगता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी समिति ।

**व्यक्तिगत उजूरी**

यी माथिका समितिहरूमध्ये कतिपय समितिहरूमा व्यक्तिगत वा सामुहिक उजूरी गर्दा राष्ट्रिय उपचारका संयन्त्रहरूमा उजूरी नगरी सामान्यतया उजूरी लाग्दैन । यस नियमको अपवाद् पनि छ । यदि उजूरी सुन्ने राष्ट्रिय अदालत र निकायहरू सक्षम रहेनछ वा त्यसका प्रक्रिया विलम्ब हुने खालको रहेछ भने राष्ट्रिय उपचारका बाटा समाप्त नभए पनि उजूरी लाग्छ ।

**छायाँ प्रतिवेदन**

अन्तर्राष्ट्रिय मानवअधिकारका कानूनहरूमा भएका प्रावधानहरूको कार्यान्वयनको अवस्था विषयमा अनुमोदन गर्ने राष्ट्रले आवधिक प्रगति प्रतिवेदन सम्बन्धित समितिमा पेश गर्नुपर्दछ। त्यसरी प्रतिवेदन पेश भएपश्चात् संघसंस्थाहरूले छायाँ प्रतिवेदन पेश गर्न सक्दछ। छायाँ प्रतिवेदनमा मानवअधिकार उल्लंघनका विषयहरूलाई उठाउन सक्दछ।

**वित्तीय निकायका उजूरी संयन्त्र**

आर्थिक विकास र सहकार्य सम्बन्धी संगठनको राष्ट्रिय सम्पर्क केन्द्रका लागि (Organization for Economic cooperation Development National contact point – OECD nation contact point)
संयुक्त राष्ट्रसंघीय विश्वव्यापी संझौता (UN Global Compact)
आर्थिक लगानीकर्ताहरूको उजूरी सुन्ने प्रतिष्ठानहरू - जस्तै Inspection Panel, CAO

२. **राष्ट्रिय उपचारका संयन्त्रहरू**

**गैरन्यायिक संयन्त्र**

- राष्ट्रिय मानवअधिकार आयोग
  - मानवअधिकार उल्लंघनमा उजूरी सुन्ने र सिफारिश गर्ने कार्य गर्छ,
  - ध्यान आकर्षण गराउने (कुनै प्रतिष्ठान वा व्यक्तिलाई),
  - राय र परामर्श दिने काम गर्छ ,
  - आयोगको सिफारिश नमान्ने प्रतिष्ठान वा व्यक्तिको नाम उल्लंघनकर्ता भनी अभिलेख राख्ने र नाम सार्वजानिक गर्न सक्छ ,
  - अन्तरिम/अन्तरकालीन आदेश दिन सक्छ।
  - छानवीन अनुसन्धान गर्न सक्छ।
  - गम्भीर मानवअधिकार उल्लंघन बाहेक, मेलमिलाप गराउन सक्छ।
  - पीडितलाई क्षतिपूर्ति दिलाउने सिफारिश गर्न सक्छ।
- राष्ट्रिय महिला आयोग

  राष्ट्रिय महिला आयोगमा अन्य कुराहरूको अलावा निम्न कुराहरूमा उजूरी गर्न सकिन्छ।
  - महिलाको हकहितसम्बन्धी कानून/नीति बनाउन सुझाव दिने।
  - अन्तर्राष्ट्रिय कानून पालना भए नभएको अनुसन्धान गरी सुझाव दिने।
  - महिला सशक्तीकरणको विषयमा कानूनी र नीतिगत अध्ययन गर्ने।
  - महिला हकहितमा सार्वजानिक सुनुवाई गर्ने।
  - पूर्व सूचनाको आधारमा कुनै घटना घट्न नदिनका लागि आवश्यक पहल गर्ने।
  - निरोधात्मक उपाय अवलम्बन गर्ने।
  - प्रतिवेदन पेश गर्ने

**अर्धन्यायिक निकायहरू**

स्थानीय प्रशासन अधिकारी,

जिल्ला प्रशासन कार्यालयमा पनि उजूरी गर्न सकिन्छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

- अधिकार क्षेत्रको काम गर्न इन्कार वा अधिकार क्षेत्रमा नभएको काम गरेको,
- अधिकार क्षेत्र सम्बन्धी कानूनी निर्णय वा आदेश विपरीत अर्कै उद्देश्य वा कार्यमा प्रयोग गरेको,
- तजविजी अधिकार बदनीयत वा स्वेच्छाचारी ढंगले प्रयोग गरेको,
- आफ्नो दायित्व अरुलाई पन्छाएको ।

जिविस वा गाविसमा उजूरी

- जिल्ला विकास समिति, नगरपालिका तथा गाउँ विकास समितिमा पनि प्रारम्भीक तथा सामान्य उजूरी दिन सकिन्छ ।

न्यायिक निकाय (ऐन हेर्ने, यसको कार्यको सम्बन्धमा)

- जिल्ला अदालत,
- उच्च अदालत,
- सर्वोच्च अदालत ।

# राष्ट्रिय मानवअधिकार आयोगमा उजुरी पेश गर्दा प्रयोग गरिने उजुरी फारमको नमूना

**राष्ट्रिय मानव अधिकार आयोग**

(उजुरी कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९

अनुसूचीः १ उजुरीको ढाँचा

## उजुरी फाराम

(गोप्य रहने छ)

१. पीडितको विवरण

(क) नाम : ..............................

(ख) बुवाको नाम : .............................. (ग) आमाको नाम :..............................

(घ) ठेगाना : स्थायी ठेगाना : ..............................

फोन नं. : .............................. मोबाइल : ..............................

हालको ठेगानाः ..............................

फोन/मोबाइलः .............................. ई–मेल : ..............................

(ङ) लिङ्ग : पुरुष ☐ महिला ☐ अन्य ☐ (यदि अन्य हो भने खुलाउनुहोस्) ..............................

(च) वैवाहिक स्थिति : विवाहित ☐ अविवाहित ☐ सम्बन्ध विच्छेद भएको ☐ एकल ☐

(छ) राष्ट्रियता : .............................. (ज) उमेर : ..............वर्ष (झ) पेशा : ..............................

(ञ) जाति : .............................. (ट) बोलीचालीको भाषा : ..............................

(ठ) धर्म : ..............................(ड) शिक्षा : ..............................

(ढ) अपाङ्गता : छ ☐ छैन ☐ (यदि छ भने खुलाउनुहोस्)..............................

(ण) कुनै संगठनको सदस्यताः (ऐच्छिक)..............................

२. उजुरीकर्ताको विवरण (यदि उजुरीकर्ता पीडित होइन भने)

(क) नाम/संगठन : ..............................

(ख) पूरा ठेगाना : ..............................

(ग) फोन/मोबाइल : ..............................ई–मेल : ..............................

(घ) पीडितसँगको नाता/सम्बन्ध :..............................बोलीचालीको भाषा : ..............................

३. आरोपित पीडकको विवरण (यदि तपाई चिन्नुहुन्छ भने)

(क) आरोपित पीडकको नाम : .............................. (ख)संगठन/कार्यालय :..............................

(ग) पद/दर्जा : .............................. (घ)सम्पर्क ठेगाना :..............................

(ङ) फोन/मोबाइल : ..............................ई–मेल : ..............................

(च) यदि पीडकलाई चिन्नुहुन्न भने पीडकको पहिचानका चिन्ह तथा विवरणहरू (जस्तोः लुगा, हुलिया, हतियारको प्रकार आदि) खुलाउनुहोस् ।

..............................

..............................

४. मानव अधिकार उल्लंघनको विषयः ..............................

५. उजुरीको विस्तृत विवरण

(क) घटनाको मितिः .............................. समयः ....................बजे (ख) घटना भएको स्थान : ..............................

(ग) कृपया के कसरी घटना घट्यो र सो घटनाले कस्तो असर पाऱ्यो विस्तृत रुपमा लेख्नुहोस् । (तपाईको विवरण यसमा नअटाए पाना थप्न सक्नुहुनेछ)।

..............................

..............................

..............................

..............................

..............................

..............................

..............................

..............................

(घ) के उक्त घटनाबाट तपाईं विस्थापित हुनु भएको छ ? : छ ☐ छैन ☐

(ङ) के तपाईले उक्त घटनाको सम्बन्धमा कुनै निकाय/संगठन जस्तैः अदालत, प्रहरी, शसस्त्र प्रहरी बल, नेपाल सरकार, रेडक्रस, गैर सरकारी संस्था आदिमा उजुरी गर्नुभएको छ ? छ ☐ छैन ☐ (यदि छ भने, कहाँ उजुरी गर्नुभएको छ र सो सम्बन्धमा के भइरहेको छ उल्लेख गर्नुहोला ।)

.......................................................................................................................................................

.......................................................................................................................................................

६. उजुरीसँग सम्बद्ध अन्य प्रमाणहरू

(क) के यो घटनाका कुनै साक्षी छन् ? छन् ☐ छैनन् ☐ (कृपया एकभन्दा बढी साक्षी भएमा पाना थप्नुहोस्)

साक्षीको नाम : .......................................................................................................

ठेगाना : ........................................................................फोन/मोबाइलः ...............................

साक्षीले दिनसक्ने सम्भावित सूचनाः ..........................................................................................

.......................................................................................................................................................

(ख) उजुरीलाई सहयोग पुऱ्याउने लिखत वा दसी प्रमाणहरूः

१. ............................................................ २. ............................................................

३. ............................................................ ४. ............................................................

(ग) उजुरीसँगै राखिएका प्रमाणहरूः

१. ............................................................ २. ............................................................

३. ............................................................ ४. ............................................................

७. माग गरिएको उपचार

(क) आयोगसँग कस्तो किसिमको उपचारको माग गर्नुहुन्छ ?

.......................................................................................................................................................

.......................................................................................................................................................

.......................................................................................................................................................

८. उजुरीकर्ताको हस्ताक्षर (मलाई थाहा भएसम्म यसमा लेखिएको व्यहोरा ठीक, साँचो हो ।)

हस्ताक्षर : ....................................................

नाम : ........................................................ मिति : ........................................................

## उजुरी फाराम बुझाउन सकिने आयोगका कार्यालयहरू

ललितपुर : केन्द्रिय कार्यालय, हरिहरभवन, पुल्चोक, ललितपुर
पोष्ट बक्स नं. ९१८२, काठमाडौं, नेपाल, **हटलाइनः ५०–१०–०००**
फोनः ०१–५०१००१५(हन्टीङ) फ्याक्सः +९७७–१–५५४७९७३, इमेलः nhrc@nhrcnepal.org

विराटनगर : क्षेत्रीय कार्यालय, विराटनगर
फोनः ०२१–४६१०९३, फ्याक्सः +९७७–२१–४६११००, इमेलः nhrcbrt@nhrcnepal.org

जनकपुर : क्षेत्रीय कार्यालय, जनकपुर
फोनः ०४१–५२७८११ फ्याक्सः +९७७–४१–५२७२५०, इमेलः nhrcjnk@nhrcnepal.org

पोखरा : क्षेत्रीय कार्यालय, पोखरा
फोनः ०६१–५५१८११, फ्याक्सः +९७७–६१–५४२०४२, इमेलः nhrcpkr@nhrcnepal.org

नेपालगंज : क्षेत्रीय कार्यालय, नेपालगंज
फोनः ०८१–५२६७०७, फ्याक्सः+९७७–८१–५२६७०६, इमेलः nhrcnpj@nhrcnepal.org

धनगढी : क्षेत्रीय कार्यालय, धनगढी
फोनः ०९१–५२५६२१ फ्याक्सः +९७७–९१–५२५६२३ इमेलः nhrcdhn@nhrcnepal.org

खोटाङ : उप-क्षेत्रीय कार्यालय, खोटाङ
फोनः ०३६–४२०२८४ फ्याक्सः +९७७–३६–४२०२८४ इमेलः nhrckht@nhrcnepal.org

बुटवल : उप-क्षेत्रीय कार्यालय, बुटवल
फोनः ०७१–५४६९११ फ्याक्सः +९७७–७१–५४६९११ इमेलः nhrcbtl@nhrcnepal.org

जुम्ला : उप-क्षेत्रीय कार्यालय, जुम्ला
फोनः ०८७–५२०२२२ फ्याक्सः +९७७–८७–५२०२२२ इमेलः nhrcjum@nhrcnepal.org

वेबसाइटः **www.nhrcnepal.org**

## महत्वपूर्ण जानकारीहरू

- ☞ कृपया यस फारामका सबै प्रश्नहरूको विवरण उल्लेख गर्नु भएको छ, छैन जाँच गर्नुहोस् ।
- ☞ यो फारामसँग सम्बद्ध प्रमाणहरू राखिएका छन् छैनन् सुनिश्चित गर्नुहोस् ।
- ☞ घटनासँग सम्बद्ध नयाँ सूचना पाउनुभएमा राष्ट्रिय मानव अधिकार आयोगमा सम्पर्क गर्नुहोला ।
- ☞ यदि तपाईको ठेगाना परिवर्तन भएको छ भने राष्ट्रिय मानव अधिकार आयोगलाई सूचित गर्नुहोस् ।
- ☞ उजुरी दर्ता नम्बर लिनुहोस् र सुरक्षित साथ राख्नुहोस् ।

# चौथो सत्र

**घटना विवरण तयारी**

मानवअधिकार हननको उपचारका लागि सो घटना विवरण लिखित रुपमा तयार पार्नु महत्वपूर्ण हुन्छ। घटना विवरण सही र तथ्यपरक हुनुपर्छ। त्यसका लागि तयारीकर्ता चनाखो र सावधान हुनुपर्छ। साथै घटना विवरण तयार गर्दा कुनै पनि प्रकारको पूर्वाग्रह नराखी तयार गर्नुपर्ने हुन्छ। घटना विवरण तयारी गर्दा पूर्व तयारी गर्न आवश्यक छ।

घटना विवरण तयार पर्नु अघि निम्न तयारी गर्नु पर्छ-

**घटनासँग सम्बन्धित तथ्य संकलन गर्ने**

- घटना भएको स्थान, मिति र समय पत्ता लगाउने;
- घटनबाट पीडित समुदायहरू, उनीहरूको जनसंख्या, आर्थिक, सामाजिक अवस्थाका बारे जानकारी लिने;
- पीडकको पदीय जिम्मेवारी, मानवअधिकार हननमा उसको संलग्नता के छ ? सो जानकारी लिने;

**कानूनी कागजातहरू तथा अभिलेखहरूको अध्ययन गर्ने**

- सम्बन्धित विषयसँग सम्बन्धित कानून, नीति, सम्झौताहरू, सहमतिहरू आदि;
- अस्पतालको रिपोर्ट, वातावरण प्रदुषणसँग सम्बन्धित परीक्षण प्रतिवेदन;

**तथ्यांक संकलन तथा विश्लेषण गर्ने**

- व्यापारी निकाय वा कम्पनीको आयात निर्यात सम्बन्धी तथ्यांक, बजार तथ्यांक, कम्पनीको आर्थिक तथ्यांक आदि
- यस्ता सामग्रीहरू पत्रपत्रिका, प्रतिवेदन, वेबसाइट आदिबाट लिन सकिन्छ।

**घटना स्थलको अवलोकन भ्रमण गर्ने**

- घटनासँग सम्बन्धित श्रव्यदृश्य सामग्रीहरू संकलन गर्ने/तयार गर्ने;
- घटनामा संलग्न भएका व्यक्ति तथा प्रत्यक्षदर्शीको भनाई तथा विवरणहरू संकलन गर्ने;
- स्थानीय नागरिक समाज, आदिवासी संघसंस्था तथा अन्य संघ-संगठनहरूसँग घटना बारे जानकारी लिने आदि।

विश्वसनीयताका लागि एउटा स्रोतबाट लिइएको तथ्यलाई अर्को स्रोतसँग सोधेर ऋसजाँच गर्नुपर्ने हुन्छ। माथि उल्लेख गरिएका तथ्यांक तथा जानकारी संकलन गरिसकेपछि तल दिइएको घटना विवरण संकलन फाराम भर्ने।

द्रष्टव्य: कुनै पनि जानकारी तथा तथ्य सार्वजनिक गर्दा पीडकलाई थप पीडा पर्छ, सामाजिक अप्ठ्याराहरू आइपर्छन् वा सुरक्षा खतरा हुन्छ भने त्यस प्रकारका तथ्य तथा जानकारीलाई गोप्य भनी जनाउने। तथ्य संकलन गर्दा सार्वजनिक गर्न मिल्छ कि मिल्दैन भनी सम्बन्धित व्यक्ति वा समुदायसँग अग्रीम सहमति लिने।

# घटना विवरण संकलन फाराम

**१. घटना विवरण**

क. मानवअधिकार हननको प्रकार

.............................................................................................................................

ख. घटना भएको मिति र समय

- मिति:

ग. घटना भएको स्थान

जिल्ला:

गाविस:

**२. पीडित(हरू)को विवरण**

**क. पीडित(हरू)को नाम थर:**

- जातीय/आदिवासी समूह:
- संस्थागत आवद्धता:

***यदि समुदाय पीडित भएको भए निम्न विवरणहरू आवश्यक छन्:***

- समुदायको निश्चित क्षेत्र/स्थान:
- समुदायमा कूल प्रभावितहरूको संख्या:
- प्रभावित पुरुषहरूको संख्या:
- प्रभावित महिलाहरूको संख्या:
- प्रभावित बालबालिकाहरूको संख्या:
- प्रभावित क्षेत्रमा बसोवास गर्ने जात/जातिहरू:

*आदिवासी जनाजाति नेताहरूको नाम: (यदि परम्परागत अथवा प्रतिनिधिमूलक संस्थाको नेता हो भने प्रष्ट्याउनु होस् र कम्तीमा दुई जना नेताहरूको नाम उल्लेख गर्नुहोस्)*

सामुहिक नेतृत्व

**नाम:समुदायका सदस्यहरूको मुख्य पेशा:**

**३. पीडकको विवरण**

.............................................................................................................................

**४. घटनाको विवरण**

**क. घटनाको पृष्ठभूमि**

घटनासँग सम्बन्धित सूचना के के हुन् ?

.............................................................................................................................

घटना घट्नुका सम्भावित कारण के हो ?

.....................................................................................................................

**कुन नीति तथा कानूनका कारण यो घटना घटन गयो ?**

.....................................................................................................................

**५. घटनाको आर्थिक, सामाजिक र साँस्कृतिक प्रभावः**

.....................................................................................................................

**६. प्रभावित(हरू) र/अथवा उनीहरूको परिवारले चालेका कदमहरू**

.....................................................................................................................

**७. नागरिक समाजका संघसंस्थाहरू र सहयोगी संस्थाहरूले चालेका कदमहरू (यदि छन् भने)**

.....................................................................................................................

**८. सरकारले चालेका कदमहरू (यदि कुनै छन् भने)**

.....................................................................................................................

**९. मुद्दामा कारवाही अघि बढेपछि प्राप्त प्रतिक्रियाहरू**

.....................................................................................................................

**१०. सिफारिशहरू**

*सरकारले कस्ता कारवाही(हरू) अघि बढाओस् भन्ने तपाईं चाहनु हुन्छ ? जस्तैः राष्ट्रिय मानवअधिकार आयोग, सरकार प्रमुख, प्रहरी/सेना (आर्मी) प्रमुख आदि*

.....................................................................................................................

**११. पेश गर्ने व्यक्ति/संस्थाको विवरण**

दस्तावेजीकरण गर्ने व्यक्ति वा संस्थाको नामः

नामः

पदः

संस्थाः

मितिः

जिल्लाः

# तेस्रो दिन

| सत्रको शीर्षक | सत्र : |
|---|---|
| अघिल्लो दिनको सेशन पुनरावृत्ति | समय: १५ मिनेट |

यस सत्रको उद्देश्यहरू :यो सत्रको अन्तमा सहभागीहरूले निम्न बमोजिमका कुराहरू गर्न तथा भन्न सक्षम हुनेछन्:

- अघिल्लो दिनको विषयवस्तु अर्थात् शीर्षकहरूमा पुन: स्मरण हुनेछ ।
- अघिल्लो दिनको शीर्षकहरूमा भएका कमीकमजोरीहरूमा सुझाव आउनेछ ।
- अघिल्लो दिनको शीर्षकहरूमा विश्लेषण गर्ने क्षमता विकास हुनेछ ।

विधि : लेक्चरेट, प्रश्नोत्तर, समूह कार्य, प्रस्तुतीकरण ।

सामग्री : ल्यापटप, स्लाइड (ह्याण्ड आउटस्) ।

सिक्ने सिकाउने प्रक्रिया :

क्रियाकलाप १: पुनरावृत्ति — १५ मिनेट

- सबै सहभागीहरूको तर्फबाट सहभागीहरूबाटै अघिल्लो दिन १ जना सहभागीलाई प्रतिवेदकको रुपमा छान्ने छन् ।
- छानिएका सहभागीले सबै सहभागीको सल्लाह सुझाव लिई बनाएको प्रतिवेदन स्लाईड बनाई प्रस्तुत गर्ने छन् ।
- प्रस्तुत गरिसकेपछि सो प्रतिवेदनउपर सहभागीहरूबाट सुझाव तथा सल्लाह लिइनेछ ।
- अन्तमा प्रतिवेदन र सुझावहरूलाई आधार मानी सहजकर्ताले संक्षेपीकरण गर्ने छ ।

| सत्रको शीर्षक | सत्रः पहिलो |
| --- | --- |
| मिडीयाको भूमिका र मिडीयामैत्री सामग्री लेखन | समयः १:३० मिनेट |

यस सत्रको उद्देश्यहरू यो सत्रको अन्तमा सहभागीहरूले निम्न बमोजिमका कुराहरू गर्न तथा भन्न सक्षम हुनेछन्:

- सहभागीहरूले मिडीयाको महत्व बारे बुझ्ने छन् ।
- मिडीयामैत्री संचार सामग्री तयार गर्न सक्षम हुने छन् ।

विधिः लेक्चरेट, माथापच्चीसी, प्रश्नोत्तर, उदाहरणहरू, समूह कार्य, अनुभव आदनप्रदान ।

सामग्रीः ल्यापटप, स्लाइड, (हेण्डस आउट), मेटाकार्ड, चार्टपेपर, मार्कर, कार्ययोजना र रणनीति बारे तयारी सामग्रीहरू ।

सिक्ने सिकाउने प्रक्रिया

क्रियाकलाप १: मानवअधिकारमा काम गर्दा मिडीयाको महत्व बारे बुझाउने — २० मिनेट

- सहभागीहरूलाई कार्ययोजना र रणनीति बारे प्रश्न गर्ने, सहभागीहरूबाट आएका उत्तरहरूलाई टिपोट गर्ने र छलफल चलाउने ।
- मिडीयाको भूमिका बारे तयार पारिएको सामग्री प्रस्तुत गर्ने ।
- सहभागीहरूको विषयवस्तुमा केही जिज्ञासा भए प्रष्ट पारिदिने ।

क्रियाकलाप २: सहभाागीहरूलाई मिडीयासँग काम गर्दाको आ-आफ्नो अनुभव भन्न लगाउने — २० मिनेट

- सहभागीहरूलाई मिडीयासँग काम गर्दाको आ-आफ्नो अनुभव भन्न लगाउने । सहजकर्ताले सहजीकरण गर्ने ।
- छलफलपछि सहजकर्ताले थप कुराहरू स्पष्ट पार्ने ।

क्रियाकलाप ३: मिडीयामैत्री संचार सामग्री लेख्ने शीप प्रदान गर्ने । — ४५ मिनेट

- सहभागीहरूलाई दुई भागमा विभाजन गरी एक समूहलाई प्रेस विज्ञप्ति र अर्कोलाई समाचारको नमूना लेख्न लगाउने ।
- समूह कार्य ठूलो समूहमा छलफल गर्न लगाउने ।
- सहजकर्ताले छलफलमा छुटेको कुरा थप स्पष्ट पारिदिने ।

क्रियाकलाप ४: प्रश्नोत्तर र संक्षेपीकरण — ५ मिनेट

- अन्तमा सहभागीहरूलाई विषयवस्तुप्रति केही प्रश्न भए सोध्ने र विषयवस्तुको संक्षेपीकरण गर्ने ।

| सत्रको शीर्षक | सत्रः दोस्रो |
|---|---|
| उपचारका लागि मस्यौदा लेखन अभ्यास | समयः १:३० मिनेट |

यस सत्रको उद्देश्यहरू यो सत्रको अन्तमा सहभागीहरूले निम्न बमोजिमका कुराहरू गर्न तथा भन्न सक्षम हुनेछन्:

- सहभागीहरूले उजूरी लेख्न सक्नेछन् ।

विधिः लेक्चरेट, माथापच्चिसी, प्रश्नोत्तर, उदाहरणहरू, समूह कार्य, अनुभव आदनप्रदान ।

सामग्रीः ल्यापटप, स्लाईड, (हेण्डस आउट), मेटाकार्ड, चार्टपेपर, मार्कर, कार्ययोजना र रणनीति बारे तयारी सामग्रीहरू ।

सिक्ने सिकाउने प्रक्रिया

क्रियाकलाप १: उजूरी लेखन सम्बन्धी सैद्धान्तिक ज्ञान प्रदान गर्ने — २० मिनेट

- सहजकर्ताले उजूरी लेखन सम्बन्धी तयारी सामग्री प्रस्तुत गर्ने ।
- सहभागीहरूको जिज्ञासा भए स्पष्ट पारिदिने ।

क्रियाकलाप २: सहभाागीहरूलाई उजूरी लेखन सम्बन्धी शीप प्रदान गर्ने — ६० मिनेट

- सहभागीहरूलाई चार भागमा विभाजन गरी उजूरीको मस्यौदा तयार गर्न लगाउने ।
- समूह १ र २ लाई राष्ट्रिय मानवअधिकार आयोगमा पेश गर्ने उजूरीको मस्यौदा तयार गर्न लगाउने ।
- समूह ३ र ४ लाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पेश गर्ने उजूरीको मस्यौदा तयार गर्न लगायने ।
- समूह कार्य ठूलो समूहमा प्रस्तुत गर्न लगाउने
- समूहमा छलफलमा उठेका कुराहरूमा थप स्पष्ट पार्ने

क्रियाकलाप ४: प्रश्नोत्तर र संक्षेपीकरण — १० मिनेट

- अन्तमा सहभागीहरूलाई विषयवस्तुप्रति केही प्रश्न भए सोध्ने र विषयवस्तुको संक्षेपीकरण गर्ने ।

| सत्रको शीर्षक | सत्र: तेस्रो |
|---|---|
| कार्ययोजना र रणनीति | समय: १:३० मिनेट |

यस सत्रको उद्देश्यहरू यो सत्रको अन्तमा सहभागीहरूले निम्न बमोजिमका कुराहरू गर्न तथा भन्न सक्षम हुनेछन्:

- सहभागीहरूले कार्ययोजना र रणनीति बारे बुझ्नेछन्।
- सहभागीहरूले आ- आफ्नो कार्ययोजना तयार गर्नेछन्।

विधि: लेक्चरेट, माथापच्चीसी, प्रश्नोत्तर, उदाहरणहरू, समूह कार्य, अनुभव आदनप्रदान।

सामग्री: ल्यापटप, स्लाइड, (हेण्डस आउट), मेटाकार्ड, चार्टपेपर, मार्कर, कार्ययोजना र रणनीति बारे तयारी सामग्रीहरू।

सिक्ने सिकाउने प्रक्रिया

क्रियाकलाप १: कार्ययोजना र रणनीति बारे बुझाउने — ३० मिनेट

- सहभागीहरूलाई कार्ययोजना र रणनीतिबारे प्रश्न गर्ने, सहभागीहरूबाट आएका उत्तरहरूलाई टिपोट गर्ने र छलफल चलाउने।
- कार्ययोना र रणनीति बारे तयार पारिएको सामग्री प्रस्तुत गर्ने।
- सहभागीहरूको विषयवस्तुमा केही जिज्ञासा भए प्रष्ट पारिदिने।

क्रियाकलाप २: सहभाागीहरूलाई आ-आफ्नो जिल्लाको कार्ययोजना बनाउन लगाउने — ५५ मिनेट

- सहभागीहरूलाई आ-आफ्नो जिल्लाको समूहमा बसी तयारी कार्ययोजनाको खाका दिई समूह कार्य गर्न लगाउने। यसरी समूह कार्य गर्दा समूहलाई सहजकर्ताले सहजीकरण गर्ने।
- समूहले तयार गरेको र्कायायोजना ठूलो समूहमा प्रस्तुति गर्न लगाउने।
- समूहको प्रस्तुतीकरणमाथि छलफल चलाई आएको कुराहरूलाई समेट्दै कार्ययोजनालाई अन्तिम रुप दिने।

क्रियाकलाप ३: प्रश्नोत्तर र संक्षेपीकरण — ५ मिनेट

- अन्तमा सहभागीहरूलाई विषयवस्तुप्रति केही प्रश्न भए सोध्ने र विषयवस्तुको संक्षेपीकरण गर्ने।

| सत्रको शीर्षक | सत्र: चोथौ |
|---|---|
| तालीम मूल्यांकन र पृष्ठपोषण तथा समापन | समय: १:३० मिनेट |

यस सत्रको उद्देश्यहरू: यो सत्रको अन्तमा सहभागीहरूले निम्न बमोजिमका कुराहरू गर्नेछन् :

- पाँच दिने कार्यक्रमको बारेमा आ-आफ्नो दृष्टिकोणबाट मूल्यांकन गर्नेछन् ।
- पाँच दिने कार्यक्रमको समापन गरिनेछ ।

विधि: मन्तव्य, प्रश्नोत्तर, ।

सामग्री: मूल्यांकनका लागि तयारी प्रश्नपत्र, ल्यापटप, मेटाकार्ड, चार्टपेपर, मार्कर आदि सामग्रीहरू ।

सिक्ने सिकाउने प्रक्रिया:

क्रियाकलाप १: तालीमको मूल्यांकन गर्ने — ३५ मिनेट

- मूल्यांकन बारे सहभागीहरूलाई बताई तयारी प्रश्नपत्र देखाउने र बुझाउने ।
- प्रश्नपत्र वितरण गरी भर्न लगाउने ।
- भरेका प्रश्नपत्र संकलन गरी प्रतिवेदन तयार गर्ने ।

क्रियाकलाप २: पाँच दिने तालीमको समापन गर्ने — १ घण्टा ३० मिनेट

- तालीम संचालन भएका सम्बन्धित क्षेत्रमा रहेका आदिवासीहरूको संस्कार संस्कृति अनुसार तालीमको समापन गर्नका लागि पूर्व तयारीका लागि जिम्मेवारी दिए अनुसार गर्ने/गराउने ।
- समापन सत्रमा सहभागीहरूमध्येबाट विभिन्न समूह, क्षेत्र र लिंगको प्रतिनिधित्व हुनेगरी विचार राख्न लगाउने ।
- तालीममा उपस्थित पाहुनाहरूलाई तालीम बारे मन्तव्य दिन लगाउने ।
- अन्त्यमा आवश्यकता अनुसार सहभागीमूलक/प्रमुख अतिथि/आदिवासी विधि, सहजकर्ताबाट तालीमको प्रमाणपत्र वितरण गर्ने/गराउने ।

# तालीम सामग्रीहरू

# पहिलो सत्र

**मिडीयाको भूमिका र मिडीयामैत्री सामग्री लेखन**

मानवअधिकार हनन हुँदा पीडितलाई उपचार दिलाउन संचार क्षेत्रको भूमिका महत्वपूर्ण हुन्छ । साथै संचार क्षेत्रले मानवअधिकार हननका घटनालाई कम गर्न तथा पीडकलाई दण्ड सजायँ गराउनमा पनि सहयोग गर्छ । संचार क्षेत्रमा आएका समाचार तथा प्रकाशनहरूलाई कानूनी उपचारको क्रममा सबूत प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने र सर्वसाधारण, नीति निर्माता र कानूनी क्षेत्रमा लागेका व्यक्तिहरूलाई सुसूचित गराउन पनि संचार क्षेत्रको भूमिका महत्वपूर्ण हुन्छ । त्यसैले संचार माध्यममा मानवअधिकार हननका विषयले स्थान पाउन महत्वपूर्ण हुन्छ । त्यसका लागि संचार माध्यमसंग सहकार्यका साथै संचार माध्ययममैत्री सामग्री तयार गर्न आवश्यक हुन्छ ।

संचारमैत्री सामग्री कसरी लेख्ने ?

- पहिलो हरफमा महत्वपूर्ण कुरा समावेश गर्ने, जसले गर्दा पढ्ने मान्छेले पहिलो हरफ पढ्दा नै घटनाको बारे जानकारी पाउन सकून् । समाचारको भाषामा पहिलो हरफलाई 'लिड' भनिन्छ ।
- थप तथ्य तथा जानकारी पछिल्ला हरफहरूमा क्रमश: समावेश गर्ने ।
- सरल भाषामा सबैले बुभ्नेगरी लेख्ने ।
- सकेसम्म छोटो लेख्ने ।
- सूचनामूलक तथ्य समावेश गर्ने ।
- प्राविधिक तथा कानूनी शब्दावली प्रयोग नगर्ने ।
- पहिलो वाक्य र पछिल्लो वाक्यका बीचमा सम्बन्ध हुनुपर्छ । अर्थात् अघिल्लो वाक्यले पछिल्लो वाक्यलाई थप प्रष्ट पार्ने हुनुपर्छ ।
- दोहोरो अर्थ नलाग्ने प्रकारको शब्द चयनमा ध्यान दिने ताकि पाठकले एकपटक पढ्नासाथ बुभ्न सकून् ।
- संचार माध्यमलाई सम्प्रेषण गर्ने सामग्रीमा तस्वीर तथा दृश्य सामग्रीहरूको प्रयोग गर्ने ।
- शब्द तथा वाक्यहरू नदोहोरिने गरी लेख्ने ।
- सामग्रीहरूमा समावेश गरिने तथ्य तथ्यांकहरू सही हुनुपर्छ । एकपटक एक स्रोतबाट प्राप्त सूचना क्रसचेक हुन जरुरी छ ।

संचार माध्यमलाई सम्प्रेषण गर्ने सामग्री तयार गर्दा संचार माध्यमको प्राथमिकता के हो ? सो कुरामा पनि ध्यान दिनु पर्छ । रोचक र संचार माध्यमको प्राथकिताभित्र पर्ने सामग्रीमा प्रकाशन गृहले प्रकाशन गर्छ भन्ने कुरा ध्यान दिन जरुरी छ । तसर्थ संचार माध्यमका लागि सामग्री तयार गर्दा उसको रुची र चासोको विषयलाई हेरी तयार गर्नुपर्ने हुन्छ ।

निम्न संचार माध्यमलाई परिचालन गर्न सकिन्छ

- पत्रपत्रिका
- रेडियो
- टीभी
- अनलाईन
- सामाजिक संजाल

*नोटः पीडितलाई थप पीडा पर्नसक्ने र सुरक्षा खतरा हुने कुनै पनि सूचना सामग्री सार्वजनिक नगर्ने । त्यस प्रकारका सामग्रीहरू सार्वजनिक गर्दा सम्बन्धित पीडितहरूको अग्रीम मन्जुरी अनिवार्य रुपमा लिनुपर्छ ।*

## मेलम्ची सडक जिर्ण भएको भन्दै स्थानीयद्वारा यातायात ठप्प

श्रावण १०, २०७४- मेलम्ची सडकखण्ड जीर्ण भएको भन्दै सम्बन्धित निकायको ध्यान आकर्षणको लागि स्थानीयले सडक बन्द गरेका छन् । सडकतर्फ ध्यान तान्न सिन्धुपाल्चोकको ढाँडखोला र काभ्रेको हिगँुवापाटीका स्थानीयले सडक बिचैमा अवरुद्ध गरेका हुन् ।

इन्द्रावतीमा उत्खनन् भएका नदीजन्य बालुवा, ढुंगा र गिट्टी ढुवानी गरिरहेका ट्रिपर ,ट्रकलाई रोकेर स्थानीयले जिल्ला समन्वय समितिको विरोध जनाएका हुन् । नदीजन्य पदार्थ बोकेका ट्रिपर र ट्रक बाहेक अन्य सवारीसाधनलाई रोकीएको छैन् । सडक बन्द भएर ट्रिपर नचलेकाले इन्द्रावती किनारका मेलम्चीदेखि ढाँडखोलासम्म रहेका दर्जनौं क्रसर उद्योगले तयार पारेको पदार्थको निकासी रोकीएको छ ।

बर्सेनी करोडांैको ठेक्का आव्हान गरेर जिल्ला समन्वय समितिले आन्तरिक राजस्व संकलन गर्दै आएको भएपनि सडकप्रति कुनै ध्यान नदीएको स्थानीयको गुनासो छ । ट्रिपरले सडकको क्षमताभन्दा सामाग्री ढुवानी गरिरहेकाले जीर्ण भएको र हालसम्म सडक सुधारको लागि रकम समेत नछुट्याएको उनीहरुको भनाई छ ।

जिरोकिलो देखि मेलम्ची बजारसम्मको सडक सम्भारको लागि उठेको रकम कार्यमा लगाउनको लागि यो वर्ष जिल्ला परिषद बैठक नबसेकोले स्थानीयको माग सम्बन्धोन हुन् नसकेको जिससका अधिकारी कृष्णबहादुर शाहीले बताए । ‘यसबारे तत्कालै छलफल गरिनेछ,’ उनले भने, ‘जिरो किलो देखि ढाँडखोलासम्मको सडक कालोपत्रे गर्न सडक विभागले जिम्मा लिइसकेकाले मर्मतसंभार गर्ने अधिकार हामीलाई छैन् ।’ उनकाअनुसार स्थानीयको मागलाई समबन्धोन गर्न मेलम्ची सडकबारे सम्बन्धीत निकायसँग छलफल भइरहेको छ ।

उनले लामो समय पुरानै अवस्था व्यहोर्नु परेकाले माग जायज भएको र विगतदेखि संकलित भएको रकम पुर्ण रुपमा सुरक्षित रहेको जनाए । मेलम्ची सडकखण्डमा स्थान स्थानमा क्षतीग्रस्त भएकाले यात्रु सवारीभित्र घाइते हुन्े गरेका छन् । सिन्धुपाल्चोकको मेलम्ची देखि काभ्रेको जिरोकिलोसम्म सडक खाल्डाखुल्टीले भरिएकोले धेरै दुर्घटना हुने गरेको स्थानीय गणेश भट्टराईले बताए । ‘जति राजस्व संकलन भएपनि सडकको अवस्था कहिल्यै फेरिएन,’ फट्केश्वरका स्थानीय भट्टराइले भने, ‘सडकमा यात्रा गर्दागर्दै ठोक्कीएर घाइते होइन्छ ।’

नदीजन्य पदार्थको संकलनको नयाँ ठेक्कामा सामेल नगरेपछि ट्रिपर व्यवसायी संघमा आवद्ध केही व्यक्तिको उक्साहटमा स्थानीय संलग्न भइ ट्रिपर ढुवानी बन्द गरिएको बालुवा गिट्टी संकलन गरिरहेकाहरुको आरोप छ । ट्रिपर व्यवासायी संघले योजना बनाएर नै मेलम्ची सडकखण्ड अवरुद्ध पारेको मेलम्ची नगरपालिका १४ वडाध्यक्ष देवेन्द्र घोरासैनीको भनाइ छ । ‘हालसम्म ट्रिपरको लागिमात्रै सडक बन्द गरेको पाइएको छ,’ इलाका प्रहरी मेलम्चीका प्रहरी निरीक्षक नवराज ढुंगानाले भने, ‘अन्य सवारीसाधन निर्वाध सञ्चालन भइरहेका छन् ।’

दैनिक दुई सय भन्दा बढी ट्रिपर आवतजावत गरिरहेका सडक दुई दिनदेखि ठप्प रहेको छ । सो ट्रिपर सञ्चलानमा आएका क्रसरका सामाग्रीको ढुवानी गरिरहेका थिए ।  अहिले स्थानीयसँगै मिलीजुली ट्रिपर व्यवसायीले सडक पुरा अवरोध गरेपछि ढुवानीलगायत कार्यमा बाधा आएको व्यवसायी शिवराम दंगालले बताए ।
प्रकाशित: श्रावण १०, २०७४
स्रोत: http://kantipur.ekantipur.com/news/2017-07-25/20170725202718.html

## समाचारको नमूना

**प्रेस विज्ञप्ति कसरी लेख्ने ?**

कुनै पनि विषयमा संस्थागत वा व्यक्तिगत रुपमा सार्वजनिक गरिने अवधारणा नै प्रेस विज्ञप्ति हो ।

- विज्ञप्ति लेख्दा रोचक तरिकाबाट लेख्न आवश्यक छ ।
- विज्ञप्तिमा भन्न चाहेको कुरा भूमिका नबाँधी प्रष्ट रुपमा लेख्न आवश्यक छ ।
- विज्ञप्ति १ पृष्ठभन्दा बढी नबनाउने ।

हेर्नुहोस् नमूना

जि.प्र.का. काठमाडौं
द.नं. ४०२/०५१/०५२

नेपालका आदिवासीहरुको मानवअधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)

च.नं. : १०९
प.सं. : 062/063

मिति: २०७३ जेष्ठ २८

**प्रेस विज्ञप्ती**

२०७३ जेठ २२ गतेका दिन एक संचार माध्यमले प्रकाशन गरेको **"खानेकुराको अभावमा घाँस खाँदै चेपाङ"** शिर्षकको लेखप्रति नेपालका आदिवासहरुको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)को ध्यानाकर्षण भएको छ । सो समाचारमा धादिङ जिल्लाको महादेवस्थान-३ ब्रुसबाङका गरिव चेपाङकोकाबारेमा लेखिएको भए तापनि शव्द चयनमा साबधानी नअपनाउनुका साथै कुनै एक समुदायलाई नकारात्मक प्रभाव पार्ने र उनीहरुको अवस्थालाई निच देखाउने प्रकारको शब्द प्रयोग हुनु दुखद कुरा हो । समचारमा मानिसले खाने सिस्नु, टाँकीलाई घाँसको रुपमा परिभाषित गरेको छ । चलन चल्तिका भाषामा चौपायाले खाने वस्तुलाई घाँस भनिन्छ । पूर्वाग्रही रुपमा घाँस खाँदै चेपाङ भन्ने शिर्षकले गरिब चेपाङहरुको अवस्थालाई नकारात्मक र गलत रुपमा प्रस्तुत गरेको छ ।

नेपालको संविधानको धारा २४ ले जात र जातिको आधारमा सामाजिक भेदभाव वा घृणामा आधारित विचाको प्रचार प्रसार गर्न पाईने छैन भन्ने उल्लेख छ । त्यस्तै पत्रकार आचारसंहिता, २०६०मा जातीय भेदभाव हुने गरी समचार र विचारको सम्प्रेषण गर्नुहुदैन भन्ने उल्लेख छ साथै कुनै स्पष्टता बिना तथ्यलाई तोडमोड गरी गलत अर्थ लाग्ने गरि समाचार सामाग्री प्रकाशन-प्रसारण वा उत्पादन वितरण गर्नुहुदैन भनिएको छ ।

यसरी राज्यको चौथो अङ्गको रुपमा स्थापित संचार जगतले गर्ने गरेको यस प्रकारको कुनै जाति विशेषलाई घृणा पैदा गर्ने किसिमका प्रचारको नेपालका आदिवासीहरुको मानव अधिकार सम्बन्धि वकिल समुह (लाहुर्निप) घोर भर्त्सना गर्दछ । साथै आदिवासी जनजातिका विषयमा समाचार संप्रेषण गर्दा साँस्कृतिक तथा भाषिक संवेदनशीलता अपनाइ दिन हुन सम्पूर्ण पत्रकार जगतमा लाहुर्निप आग्रह गर्दछ ।

समाचार प्रकाशनमा भएको सो भाषिक त्रुटि तथा शब्दको गतल प्रयोगका सम्बन्धमा सम्बन्धी निकायबाट खण्डनको समेत लाहुर्निप अपेक्षा गर्दछ ।

शंकर लिम्बू
सचिव
लाहुर्निप

अनामनगर, काठमाडौं, नेपाल
फोन नं. ०१-४७७०७१०
ईमेल : lahurnip.nepal@gmail.com
पो.ब.नं. : ११९७५ काठमाडौं

# दोस्रो सत्र

**उपचारका लागि मस्यौदा लेखन अभ्यास**

राष्ट्रिय मानवअधिकार आयोगमा पेश गर्ने उजूरीको नमूना (अनुसूचीमा राखिएको छ )

उजूरी गर्नुपूर्व ध्यान पुऱ्यानुपर्ने कुराहरू:

उजूरी पीडित आफैं वा पीडितको आफन्त वा सम्बन्धित विषयमा काम गर्ने संघसंस्थाले दिन सक्छ। पीडित बाहेकले उजूरी गर्दा अख्तियार दिन नपर्ने भए तापनि सम्बन्धित संस्थाले राख्दा उपयुक्त हुन्छ।
उजूरी लिखित वा मौखिकरुपमा दिन सकिन्छ।

उजूरी सत्यतथ्य र प्रमाणित गर्नसक्ने हुनुपर्दछ। घट्नासंग सम्बन्धित प्रमाणहरूसमेत पेश गर्नुपर्दछ। आयोगमा उजूरी गरेपछि त्यसको प्रगति विषयमा निरन्तर सोधखोज गर्नुपर्दछ।

उजूरी गर्दा कुनै प्रकारको शुल्क लाग्दैन।

उजूरी गर्दा ढाँचा अनुरुप भए राम्रो तर आवश्यक कुरा पुगेमा जुनसुकै तरिकाको लेखाईको उजूरी पनि दिन सकिन्छ। फोनमार्फत घट्ना घटेको क्षेत्रको पायक पर्ने आयोगको कार्यालयमा पनि उजूरी गर्न सकिन्छ। फोनबाट जानकारी गराएकोमा त्यसको फलो अप गर्नुपर्दछ।

# तेस्रो सत्र

**रणनीति र कार्ययोजना**

कार्ययोजना खाका

| सि.नं | स्थानीय रुपमा कार्यरत कम्पनीको नाम | परियोजना | परियोजनाले गरेका क्रियाकलाप | आदिवासी तथा स्थानीय समुदायलाई पारेको असर | सूचक | उपचार |
|---|---|---|---|---|---|---|
| | कावेली हाईड्रो पावर कम्पनी लिमिटेड | जलविद्युत | बाटो | ● जमीन हडप<br>● वनजंगल विनाश<br>● वातावरण विनाश | भूमि तथा प्रकृति माथिको अधिकारको हनन । | ● अभिमुखीकरण गर्ने ।<br>● संगठित र सामुहिक आवज बुलन्द गर्ने ।<br>● गैरन्यायिक (न्यायिक र अर्धन्यायिक प्रतिष्ठान बाहेक- वार्ता, नेगोसिएशन, मेलमिलाप)<br>● मानवअधिकार अनुगमन सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूमा उजूर गर्ने ।<br>● व्यापारिक संस्थाहरूको उजूरी सुन्ने निकायहरूमा उजूरी गर्ने ।<br>● संयुक्त राष्टसंघीय उजूरी संरचनाहरू<br>● स्थानीय निकायमा जाने<br>● अदालत जाने |
| | | | ड्याम | ● विस्थापन<br>● आध्यात्मिक क्षेत्रको डुबान<br>● वनजंगल डुबान | | |
| | | | सुरुङ्ग | ● खानेपानीको मुहान सुकेको ।<br>● पहिरो गएको<br>● घरहरू चर्किएको, भत्किएको | | |

# चौथो सत्र

**तालीम मूल्यांकन प्रश्नावली**

१. तालीममा समावेश गरिएका विषयवस्तुहरूमा तीन महत्वपूर्ण कुन-कुन थिए ? किन ?
..........................................................................................................
..........................................................................................................
..................................

२. तालीम संचालन विधि तपाईलाई कस्तो लाग्यो ? योभन्दा बढी प्रभावकारी बनाउन के सुधार गर्नु पर्ला ?
..........................................................................................................
..........................................................................................................
.................................

३. तालीम व्यवस्थापनको बारे तपाईको के सल्लाह सुझाव छ ?
..........................................................................................................
..........................................................................................................
.................................

४. यो तालीम कस्ता सहभागीहरूका लागि प्रभावकारी हुन्छ ? जस्तो लाग्छ तपाइलाई ?
..........................................................................................................
..........................................................................................................
.................................

५. तालीमका लागि छुट्टयाइएका समय कतिको सान्दर्भिक थियो ?
..........................................................................................................
..........................................................................................................
.................................

६. माथिका विषयवस्तुहरू बाहेक यस प्रकारको तालीम अझ प्रभावकारी बनाउन तपाईको अरु सल्लाह सुझाव केही छन् कि ? भए बुँदागत रुपमा लेख्नु होस् ।
..........................................................................................................
..........................................................................................................
.................................

# खण्ड चार

# सन्दर्भ सामग्रीहरू

**In English**

- Unite Nations Declaration on the Rights of Indigenous Peoples (UNDRIP), 2007
- International Labour Organisation (ILO) Convetion No. 169
- UN Guiding Principles of Business and Human Rights, 2011
- Convention on Biological Diversity (CBD), 1992
- Black's law dictionary, seventh edition
- IWGIA (2014) Business and Human Rights: Interpreting the UN Guiding Princles for Indigenous Peoples , Copenhagen: Internation Work Group for Indigenous Affairs.

**खस नेपाली भाषामा**

- नेपालको संविधान, २०७२
- जैविक विविधता सम्बन्धी महासन्धि, १९९२
- आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७
- अन्तर्राष्ट्रिय श्रम संगठनको आदिवासी जनजाति अधिकार सम्बन्धी महासन्धि, १९८९ (आईएलओ महासन्धि नं.१६९)
- मुलुकी ऐन, २०२०
- जग्गा प्राप्ती ऐन, २०३४
- विद्युत् विकास र व्यवस्थापन गर्न बनेको ऐन, २०६२
- नेपाली बृहत् शब्दकोश, नेपाल प्रज्ञा प्रतिष्ठान
- मध्यस्थता ऐन, २०५५
- मेलमिलाप सम्बन्धी ऐन, २०६८
- करार ऐन, २०५६
- स्थानीय स्वायत्त शासन ऐन, २०५५
- विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९
- निजीकरण ऐन, २०५०
- श्रम ऐन, २०४८
- बीमा ऐन, २०४९
- विकास समिति ऐन, २०१३
- नेपाल पेट्रोलियम ऐन, २०४०
- बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३
- पूर्वाधार विकास निर्माण ... ऐन, २०६३
- सार्वजनिक खरिद ऐन, २०६३
- बोनस ऐन, २०६३
- नेपाल वायुसेवा निगम ऐन, २०१९
- अदालत सम्बन्धी नियमावलीहरू

- अन्तर्राष्ट्रिय श्रम संगठनको आदिवासी जनजातिहरूसँग सम्बन्धित महासन्धि नं.१६९ निर्देशिका (२०६५) काठमाडौं अन्तर्राष्ट्रिय श्रम संगठन र लाहुर्निप ।
- 'परम्परागत संस्था एक अध्ययन' नेपालका आदिवासीहरूको मानवअधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)
- आदिवासी तथा जनजाति सम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि, १९८९ (नं.१६९) को सम्बन्धमा नेपालमा अक्सर सोधिने प्रश्न र जवाफ संग्रह (मिति नभएको), अन्तर्राष्ट्रिय श्रम संगठन, संयुक्त राष्ट्रसंघ र युरोपियन कमिशन ।

# लाहुर्निपको परिचय

**पृष्ठभूमि**

नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप) नेपालमा आदिवासी अधिकारको क्षेत्रमा काम गर्ने मानव अधिकार कानून व्यवसायीहरूको एक अग्रणी संस्था हो ।

सामुहिक अधिकारको मुद्दाहरूमा कानूनी सहायता तथा निःशूल्क कानूनी सहयोगका माध्यमबाट सामाजिक न्याय सुनिश्चितता गराउने उद्देश्यका साथ कानून व्यवसायीहरूको प्रयासमा सन् १९९५ मा लाहुर्निपको स्थापना भएको हो । यसको प्रमुख उद्देश्य नेपालका आदिवासीहरूको मानव अधिकार र मौलिक स्वतन्त्रता प्रवर्द्धन, संरक्षण र प्रतिरक्षा गर्नु रहेको छ ।

लाहुर्निप त्यस्तो अवस्थाको परिकल्पना गर्छ, जहाँ आदिवासीहरू निर्णय प्रक्रियामा समान रुपमा सहभागी हुनेछन् र उनीहरूलाई महत्व दिइने, सम्मान गरिने र उनीहरूको आवाजहरू सुनिने छ, जहाँ उनीहरू सुरक्षित र संरक्षित महशूस गर्ने छन्, जहाँ उनीहरूले लोकतन्त्रसँगसँगै आफ्नो सम्पूर्ण सम्भाव्यता, समानता र आत्मसम्मानको विकास गर्ने छन् ।

लाहुर्निपले नेपाल पक्ष राष्ट्र रहेका आई.एल.ओ. महासन्धि नं. १६९, आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्रलगायतका अन्तर्राष्ट्रिय मानवअधिकारका दस्तावेजहरूको प्रभावकारी कार्यान्वयनका लागि काम गरिरहेको छ । यसका अलावा क्षेत्रीय तथा अन्तर्राष्ट्रिय आदिवासी अधिकार प्रवर्द्धनात्मक आन्दोलनहरूमा पनि एकाकार हुने काम गरिरहेको छ । हाल लाहुर्निपले आदिवासीहरूको अधिकार, विशेषगरी जो उनीहरूको भूमि, भू-क्षेत्र र प्राकृतिक स्रोतमा संचालित परियोजनाबाट प्रभावित छन्, नीति तथा कानूनहरूमा सम्बोधनका लागि उनीहरूलाई सहयोग गरिरहेको छ ।

**दूरदृष्टि**

लाहुर्निप पूर्ण मानव आत्मसम्मान, दीगो विकास र शान्तिको परिकल्पना गर्दछ, जुन मानव अधिकार र मौलिक स्वतन्त्रता तथा सामुहिक अधिकारको सम्मान र सुनिश्चितताविना हासिल गर्न असम्भव छ ।

**ध्येय**

लाहुर्निप नेपालका आदिवासीहरूको अधिकार, मानव अधिकार र सवालहरूमा सहयोग र योगदान पुऱ्याउन स्थापना भएको हो ।

**उद्देश्यहरू**

१. नेपालका आदिवासीहरूको मानव अधिकार सुनिश्चितता, संरक्षण र सम्वर्द्धन गर्ने ।

२. नेपाका आदिवासीहरूसँग सम्बन्धित विभिन्न इथ्नोग्राफिक अध्ययन, अनुसन्धान गर्ने ।
३. आदिवासीहरूको अधिकार, कल्याण र मौलिक स्वतन्त्रताबारे उनीहरूलाई अझ सजग, संवेदनशील बनाउने ।
४. नेपाली आदिवासीहरूको सम्बन्धमा स्रोत केन्द्रको स्थापना गर्ने र उनीहरूको मानवअधिकारबारे विस्तृत सूचना प्रदान गर्ने ।
५. आदिवासी क्षेत्रहरूमा विभिन्न तहको कार्यशाला, अन्तरक्रिया, सेमिनार र बैठकहरूको आयोजना गर्ने ।
६. आदिवासीहरूको आधारभूत मानवअधिकार प्रतिरक्षा, सुनिश्चितता र सम्वर्द्धनका लागि राष्ट्रिय दवाव समूहको रुपमा काम गर्ने ।
७. आदिवासी अधिकारका सवालमा सूचना संकलन, विश्लेषण र वितरण गर्ने ।
८. कानूनी तथा मानव अधिकार हननका सवालमा निःशूल्क कानूनी सहयता प्रदान गर्ने ।
९. आदिवासी अधिकारका सवालसँग सम्बन्धित विषयमा विभिन्न परियोजनाहरू संचालन गर्ने ।
१०. नेपालका आदिवासीहरूको आर्थिक, सामाजिक उत्थानमा द्रूतगति दिनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रयासहरूको समर्थन तथा ऐक्यवद्धता अभियानहरू संचालन गर्ने ।
११. शान्ति तथा द्वन्द्व व्यवस्थापनको क्षेत्रमा काम गर्ने र योगदान गर्ने ।
१२. जातीय विभेद् र लैंगिक असमानताका विरुद्ध वकालत गर्ने ।
१३. विभिन्न तहमा आदिवासीहरूको मानव अधिकार र मौलिक स्वतन्त्रता प्रवर्द्धनका लागि अन्तर्राष्ट्रिय मानवअधिकार संगठनहरूसँग समन्वय र सहकार्य गर्ने ।

**मूल्य मान्यताहरू**

लाहुर्निप निम्न मूल्य मान्यताहरू आत्मसात् गर्न प्रतिवद्ध छ-

**पारदर्शिता र जवाफदेहिताः** सबै तहमा पारदर्शिता सुनिश्चितताका लागि प्रतिवद्ध छ र लाहुर्निपसँग प्रत्यक्ष सरोकार रहेका जनतासँग जवाफदेही रहने छ ।

**समानता, समता र न्यायः** विभेद्रहित सिद्धान्तको आधारमा सबैलाई समान अवसरको सुनिश्चितताका लागि प्रतिवद्ध भई काम गर्ने छ ।

**इमान्दारिताः** आदिवासीहरूको भलाईका लागि हरेक स्तरमा इमान्दारितासाथ काम गर्न कटिवद्ध छ ।

**ऐक्यवद्धताः** मानवअधिकार स्थापनाका लागि आदिवासीका संघसंस्था तथा आन्दोलनहरूमा बृहत् ऐक्यवद्धता जनाउने छ ।

**लाहुर्निप टिम**

**कार्यसमिति**

अधिवक्ता शान्ति कुमारी राई, अध्यक्ष
अधिवक्ता दिनेश कुमार घले, उपाध्यक्ष
अधिवक्ता शंकर लिम्बू, सचिव
अधिवक्ता, भिम राई, कोषाध्यक्ष
अधिवक्ता मकवान सुब्बा, सदस्य
अधिवक्ता हीराबहादुर घले, सदस्य
अधिवक्ता काशीराम चौधरी, सदस्य

**विषयगत समितिहरू**

आदिवासी जनजाति महिला मामिला समिति
अधिवक्ता लक्ष्मी राई, संयोजक

कानूनी परामर्श तथा सहायता समिति
अधिवक्ता चेतबहादुर आले, संयोजक

मानव अधिकार समिति
अधिवक्ता सन्तोष राना मगर, संयोजक

जनसम्पर्क समिति
अधिवक्ता बुद्धकुमारी लामा, संयोजक

प्रचार प्रसार समिति
रामहरि श्रेष्ठ, संयोजक

**सचिवालय**

टहल ब. थामी, निर्देशक
दुर्गामणि राई (याम्फू), कार्यक्रम संयोजक
असीम सुनुवार, प्रशासन तथा लेखा अधिकृत
अमिता राई, परियोजना सहायक
मनोज राई, परियोजना सहायक
अन्जना श्रेष्ठ, प्रशासन तथा लेखा सहायक

विष्णु कुमार राई, कार्यालय सहायक
सुनिता चौधरी, कार्यालय सहयोगी

**क्षेत्रीय आदिवासी मानव अधिकार प्रतिरक्षकहरू**
अधिवक्ता जुना कुमारी गुरुङ, कास्की
अधिवक्ता रामहरि श्रेष्ठ, काठमाडौं
अधिवक्ता सन्तोष राना मगर, काठमाडौं
देवराज चौधरी, मोरङ
गोपाल देवान, सुन्सरी

**आदिवासी मानव अधिकार प्रतिरक्षकहरू**
अधिवक्ता लक्ष्मी राई, काठमाडौं
अधिवक्ता निना डंगोल, काठमाडौं
अग्निमाया मेचे, झापा
बिनादेवी तामाङ, सुन्सरी
धनकुमारी सुनुवार, सिन्धुली
अधिवक्ता काशीराम चौधरी, बर्दिया
अधिवक्ता यामप्रसाद लिम्बू, इलाम
विर्खबहादुर वाइबा तामाङ, पाँचथर
दलबहादुर घर्ती मगर, कैलाली
दिलबहादुर थेबे, मोरङ
कार्साङ तेम्बा तामाङ, रसुवा
खगेन्द्र पुन मगर, दैलेख
खेमजंग गुरुङ, लम्जुङ
किरण मुखिया, इलाम
प्रेमराज घिसिङ, झापा
राजकुमार राजवंशी, मोरङ
गमबहादुर थापा मगर, पाल्पा
सर्जुप्रसाद चौधरी, कैलाली
नरबहादुर गुरुङ, गोरखा
निरन्ती तुम्बापो, पाँचथर
संगीता थामी, इलाम
मीरा अमात्य, काठमाडौं

भुवनकुमारी गुरुङ, दोलखा
सुमी दर्लामी, रामेछाप
बबिता घिसिङ तामाङ, रामेछाप
सरिता राई, खोटाङ


**सम्पर्क**
नेपालका आदिवासीहरूको मानवअधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)
अनामनगर, काठमाडौं, नेपाल
पो. बं. नं: ११११७९
सम्पर्क: ९७७ ०१ ४२६८५१०
इमेल: lahurnip.nepal@gmail.com
वेबसाइट: www.lahurnip.org

LAHURNIP -1995 (लाहुर्निप-२०५१)
Kathmandu, Nepal

IWGIA

MINISTRY OF FOREIGN AFFAIRS OF DENMARK
DANIDA | INTERNATIONAL DEVELOPMENT COOPERATION

ISBN 9937-9135-4-3
9 789937 913546